# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४१५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ३३७ | काठमाडौं | बुधबार, २० चैत २०८१ | Prabhab National Daily | Wednesday, April 02, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-


## तीनकुनेमा प्रहरीले ६० भन्दा बढी गोली चलाएको खुलासा

■ प्रभाव संवाददाता

**काठमाडौं–** चैत १५ गते दुर्गा प्रसाईंको नेतृत्वमा काठमाडौंको तीनकुनेमा भएको प्रदर्शन हिंसात्मक बन्नुलाई धेरैले सुरक्षा निकायको कमजोरीका रूपमा लिएका छन् । प्रशस्त मात्रमा प्रहरी फोर्स नखटाइएको कारण तोडफोड, व्यक्तिगत सम्पत्तिमा आगजनी भएको र धनमाल लुटपाट भएको भन्दै सुरक्षा प्रशासनको आलोचनासमेत भएको थियो ।

यद्यपि, उक्त प्रदर्शनमा प्रहरीले सक्दो बल प्रयोग गरेको खुलासा गरेको छ । जिल्ला प्रहरी परिसर काठमाडौंले उक्त घटनामा थुप्रै राउण्ड गोली चलाएको र यसको यकीन हुन अझै बाँकी रहेको जनायो । मंगलबारसम्मको प्रतिवेदनका अनुसार परिसरबाट खटिएका प्रहरीले तीनकुनेमा ६० राउण्ड गोली प्रहार गरेको खुलेको छ । जसमा ५८ राउण्ड राइफल र दुई राउण्ड पेस्तोलबाट प्रहार गरेको प्रहरी स्रोतले जनायो । भीड तितरबितर पार्न प्रहरीले ७४६ थान अश्रुग्यास प्रहार गरेको जिल्ला प्रहरी परिसर काठमाडौंले जानकारी दिएको छ ।

उक्त घटनामा परी पत्रकार सुरेश रजक र आन्दोलनमा सहभागी सविन महर्जनको मृत्यु भएको थियो । सविनलाई गोली लागेको पुष्टि भइसकेको छ भने रजकको पोस्टमार्टम हुन बाँकी नै छ । प्रदर्शनमा ५२ जना प्रदर्शनकारी घाइते भएका थिए । सुरक्षाकर्मीतर्फ ५६ जना प्रहरी घाइते भएका थिए ।

सरकारले चैत १५ गतेका प्रदर्शनका क्रममा घाइते भएकाको निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउने निर्णय गरेको छ । उक्त घटनाका सम्बन्धमा सत्यतथ्य छानविन गरी दोषीउपर कारबाही गर्न र आगामी दिनमा यस किसिमको घटना हुन नदिने व्यवस्था मिलाउन गृह मन्त्रालयलाई निर्देशन दिने निर्णय गरेको छ ।

यसैगरी प्रहरीले लुटपाट तथा आगजनीमा संलग्न रहेको अभियोगमा थप २४ जनालाई पक्राउ गरेको छ । यसअघि ४१ जनालाई प्रहरीले नियन्त्रमा लिइसकेको जिल्ला परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक बोहराले जानकारी दिए । 'उक्त घटनामा संलग्न रहेको अभियोगमा थप २४ जना पक्राउ परेका छन्, यसअघि ४१ जनालाई पक्राउ गरी म्याद थप गरेर अनुसन्धान अघि बढाइएको छ,' उनले भने ।

### पत्रकार रजकको पोस्टमार्टम आज



काठमाडौंको तीनकुनेमा राजावादीसमूहको शान्तिपूर्ण भनिएको प्रदर्शनमा ज्यान गुमाएका पत्रकार सुरेश रजकको पोस्टमार्टम आज हुने भएको छ । प्रदर्शनकारीले आगो लगाएको घरभित्र जलेर मृत्यु भएका रजकको शरीरमा गोली लागेको हल्लासँगै उनको पोस्टमार्टम रोकिएको थियो । शवको मंगलबार साँझ एक्स-रे गरिएसँगै आज पोस्टमार्टम हुने भएको हो ।

गत शुक्रबार दुर्गा प्रसाईं नेतृत्वको राजावादी समूहको प्रदर्शनका क्रममा रिपोर्टिङका लागि खटिएका रजकको आगलागीमा परेर मृत्यु भएको थियो । मृत्युपछि उनको शव पोस्टमार्टमका लागि त्रिवि शिक्षण अस्पताल लगिएको थियो । ⏭ क्रमशः पृष्ठ २ मा

संसद्को हिउँदे अधिवेशन अन्त्य

# ६१ दिनमा नौ वटा कानुन बने अत्यावश्यक विधेयकहरू अड्किए

- संघीयता कार्यान्वयनका लागि अत्यावश्यक विधेयक संसद्मै अड्कियो
- संसद् अधिवेशनको सुरुमा अध्यादेश र अन्तिममा गणतन्त्र र राजतन्त्रपक्षधरबीच चर्काचर्की

■ जेबी योञ्जन

**काठमाडौं–** विधेयक अधिवेशनको रूपमा लिइने संसद्को हिउँदे अधिवेशन नौवटा ऐन बनाएर अन्त्य भएको छ । अधिवेशन अवधि (६१ दिन) मा प्रतिनिसभाबाट पाँच र राष्ट्रिय सभाबाट चारवटा दर्ता गरेर अघि बढाइएका विधेयक पारित भएका हुन् । अधिवेशन १८ माघदेखि सुरु भएको थियो ।

राष्ट्रिय सभामा दर्ता गरेर अघि बढाइएकामध्ये भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, विधायनसम्बन्धी विधेयक, विद्युतीय व्यापार विधेयक र सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक पारित भएको संसद्का प्रवक्ता एकराम गिरीले बताए । उनका अनुसार सरकारले हिउँदे अधिवेशनअघि नै ल्याएका पाँचवटा अध्यादेश पनि पारित भएका छन् । प्रतिनिधिसभाबाट पारित गरेर राष्ट्रिय सभा पठाइएकोमा अन्तिम दिन पाँचवटै विधेयक पारित भएका हुन् ।

सरकारले ती अध्यादेशहरू प्रतिस्थापन गर्न २२ फागुन २०८१ मा प्रतिनिधिसभामा विधेयक दर्ता गरेको थियो । ६०औं दिनमा सबै अध्यादेश प्रतिस्थापन विधेयक ऐनमा रूपान्तरित भए । सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, निजीकरण (पहिलो संशोधन) विधेयक, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक र सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक ऐनमा परिणत भएका हुन् ।

भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक ६ माघ २०७६ सालमै संसद्मा दर्ता भएको थियो । बल्लतल्ल पाँच वर्षपछि विधेयक ऐनमा रूपान्तरित भयो । विधायनसम्बन्धी विधेयक भने कानुन निर्माण प्रक्रियासँग सम्बन्धित छ । खासगरी सरकारले विधेयक ल्याउँदा के-कस्ता प्रक्रिया पूरा गर्नुपर्ने र त्यसअन्तर्गत बन्ने नियमावली, नियम, मापदण्ड, निर्देशिका लगायतमा कति अधिकार प्रत्यायोजित हुने ? ती सबै प्रावधान ऐनमा छ । विद्युतीय व्यापार ऐन भने लोकप्रिय बन्दै गरेको अनलाइन व्यापारसँग सम्बन्धित छ ।

⏭ क्रमशः पृष्ठ २ मा



#### पारित विधेयक

- भ्रष्टाचार निवारण विधेयक
- विधायन विधेयक
- विद्युतीय व्यापार विधेयक
- सुरक्षित कारोबार विधेयक
- सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाह विधेयक
- आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि विधेयक
- निजीकरण (पहिलो संशोधन) विधेयक
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक
- सहकारीसम्बन्धी विधेयक

### बनेनन् संघीयता कार्यान्वयन गर्ने कानुन

देश संघीयतामा गएको नौ वर्ष बितिसक्दा पनि प्रशासनिक संघीयता कार्यान्वयनसँग सम्बन्धित कानुनहरू बनेका छैनन् । संघीय निजामती सेवा विधेयक अझै पारित भएन । यो विधेयक हाल प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा छ । विधेयक पारित नहुँदा कर्मचारी समायोजन थप जटिल बन्दै गएको छ । यसलाई लिएर सरकारको आलोचना हुँदै आएको छ ।

नेपाल प्रहरी र सशस्त्र प्रहरीसँग सम्बन्धित विधेयक पनि संसद्को हिउँदे अधिवेशनबाट पारित भएन । यो विधेयक पनि राज्य व्यवस्था तथा सुशासन समितिमा छ । संघबाट आवश्यक कानुन बनाउन ढिला हुँदा प्रदेश र स्थानीय सरकार प्रभावित छन् । देश संघीय मोडलमा गएको वर्षौं बित्दा पनि दुई सुरक्षा संगठन नेपाल प्रहरी र सशस्त्र प्रहरीको समायोजन भएको छैन ।

संघीयता कार्यान्वयनसँग जोडिएको विद्यालय शिक्षा विधेयक पनि विधेयक अधिवेशनले अगाडि बढाउन सकेन । देशभरको विद्यालय तहसम्मको शिक्षाको नीति के हुने भनेर आएको विद्यालय शिक्षा विधेयक प्रतिनिधिसभा अन्तर्गतको संसदीय समितिमा छ ।

⏭ क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

## एसोसिएसन र मञ्चले बनाए आठ समिति

### रानाभाटलाई कांग्रेस र माओवादीनिकट व्यवसायीलाई चुनावमा परिचालन गर्ने जिम्मेवारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचन नजिकिँदै गर्दा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले चुनावी तयारी तीव्र पारेका छन् । संघको आगामी कार्यसमिति चयनका लागि यही २९ चैतमा हुने निर्वाचनमा संयुक्त प्यानलबाट चुनाव लड्ने घोषणा गरेका यी दुई संगठनले निर्वाचनकै लागि विभिन्न समिति गठन गरेका छन् ।

एसोसिएसन र मञ्चले संयुक्तरूपमा निर्वाचन परिचालन मूल समारोह समितिसहित आठवटा समिति गठन गरेका हुन् । मूल समारोह समितिको संयोजकमा एसोसिएसनका संस्थापक अध्यक्ष तिलकबहादुर रानाभाट र सहसंयोजक गणतान्त्रिक मञ्चका वर्तमान अध्यक्ष धनलाल जैसी छन् । समितिमा यमबहादुर केसी, किरणकिशोर घिमिरे, विमलप्रसाद ढकाल, प्रज्ञान न्यौपाने, हंशराज वाग्ले, कुमुद खनाल, बलबहादुर तामाङ, ऋषिप्रसाद शर्मा, ज्ञानबहादुर तामाङ, परमेश्वर अधिकारी, ओम न्यौपाने, नवराज केसीलगायत १०१ सदस्य रहेका छन् ।

किरणकिशोर घिमिरे संयोजक रहेको १५१ सदस्यीय चुनाव प्रचारप्रसार समिति गठन गरिएको छ । जसको सहसंयोजक बासु पुडासैनीलाई तोकिएको छ । प्रचारप्रसार समितिका सदस्यहरूमा रामप्रसाद गैरे, प्रतिमा महर्जन, शंकरप्रसाद आचार्य, मच्छिन्द्रनाथ सेर्मा, अमरप्रकाश तिवारी, पंकज कोइराला, विवस ढुंगाना, देवीप्रसाद काफ्ले, नरेश पुन, उद्वबप्रसाद सापकोटा, केदारनाथ अधिकारीलगायत छन् ।

निर्वाचनको आर्थिक पाटो हेर्न गठित आर्थिक समितिका संयोजक एसोसिएसनका वर्तमान अध्यक्ष दीपक थापा र सहसंयोजक सोमबहादुर तामाङ छन् । सदस्यहरूमा कुसाङ शेर्पा, लिलबहादुर तामाङ र राजु घिमिरे रहेका छन् । व्यवस्थापन समिति संयोजक विनोदजंग केसी र सहसंयोजक इन्द्रमणि न्यौपानेलाई तोकिएको छ । ⏭ क्रमशः पृष्ठ २ मा




# घिसिङ र शाक्य दुवैको रिट 'हेर्दाहेर्दै' मा



**काठमाडौं–** सर्वोच्च अदालतमा नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट हटाइएका कुलमान घिसिङ र नवनियुक्त हितेन्द्रदेव शाक्यको रिट हेर्दाहेर्दैमा राखिएको छ। दुवै रिट आजका लागि सुनुवाइमा राखिएको छ।

न्यायाधीशद्वय कुमार चुडाल र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले मंगलबार दुवैका रिटमाथि सुनुवाइ हुँदाहुँदै समय नभ्याएपछि हेर्दाहेर्दैमा आज सुनुवाइ हुने भएको हो।

प्राधिकरणको कार्यकारी निर्देशक पदबाट आफूलाई हटाउने सरकारको निर्णय बदरको माग गर्दै घिसिङले रिट निवेदन दायर गरेका थिए। प्राधिकरणका कार्यकारी निर्देशक शाक्यले चार वर्षअघि आफूलाई निकालेर घिसिङको नियुक्ति नै गलत भएको उल्लेख गर्दै त्यतिबेला रिट निवेदन दायर गरेका थिए।

उक्त रिट निवेदनमाथि निर्णय नभई चार वर्ष बितेपछि अहिले घिसिङको निवेदनमा सुनुवाइ गर्न नमिल्ने उल्लेख गर्दै अर्को रिट निवेदन दायर गरेका थिए। अदालतले दुवै रिट निवेदनलाई एकै ठाउँमा राखेर सुनुवाइ गरिरहेको छ।

पृष्ठ १ बाट क्रमशः

## नौ वटा...

यो ऐन सूचना प्रविधिको बढ्दो प्रयोग र अनलाइनबाट हुने व्यापारलाई व्यवस्थित र करको दायरामा ल्याउन बनाइएको हो। सुरक्षित कारोबार (पहिलो संशोधन) ऐन व्यक्ति वा निकायबाट राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा गर्ने कारोबारलाई सुरक्षित र व्यवस्थित बनाउने प्रावधान छन्। सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन अध्यादेशमा बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था नियमन गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन गर्ने लगायतका प्रावधान छ। यही अध्यादेश विधेयक हुँदै ऐनमा रूपान्तरित भएको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) ऐन बजेटका सिद्धान्त र प्राथमिकतासम्बन्धी छलफलको समय लगायतसँग सम्बन्धित छ। सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश सात दिनभित्रमा सरकारी सेवा प्रवाह गर्नुपर्ने सम्बन्धी व्यवस्था छ। आर्थिक तथा व्यावसायिक वातावरण सुधार अध्योदशमा निजी क्षेत्रलाई प्रोत्साहन गर्नेगरीको कानुनी व्यवस्था छ।

लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशमा नेपालमा लगानीको वातावरण थप सहज बनाउने र साना लगानीकर्तालाई सहुलियत दिने लगायतसँग सम्बन्धित व्यवस्थाहरू छन्।

### उठेका जनताका मुद्दा

संसद् अधिवेशन अन्त्य हुनुअघिका केही दिन संसद्मा गणतन्त्र र राजतन्त्रपक्षधर शक्ति ध्रुवीकृत भए। राजसंस्था फर्काउने र राजा ल्याउने भन्दै राजसंस्थापक्षधर आन्दोलित छन्। यहीबीचमा तीनकुने हिंसात्मक घटना भयो। यसमा गणतन्त्रपक्षधरले पूर्वराजा ज्ञानेन्द्र शाहलाई जिम्मेवार ठहर गरेका छन्। प्रधानमन्त्री केपी शर्मा ओलीलेसमेत तीनकुने घटनामा ज्ञानेन्द्रले उन्मुक्ति नपाउने चेतावनी दिइसकेका छन्। तर, राजसंस्थापक्षधर दलहरू राप्रपा, राप्रपा नेपाललगायतले भने तीनकुने घटनामा पर्वराजा ज्ञानेन्द्रको भूमिका नरहेको र विवादमा तान्ने प्रयास गर्न नहुने जनाएका छन्। यसअघि संसदमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाएको विषय संसद्मा उठ्यो। माओवादीसहित विपक्षी दलहरूले दुई दिनसम्म संसद् चल्न दिएनन्। लगातार अवरुद्ध पारे।

संसद्मा त्यसअघि सिरहामा गाउँपालिका अध्यक्ष र पूर्ववडाध्यक्षले विष्णु महायज्ञको नाममा दलित परिवारको उठीवास, सर्लाहीको बरहथवामा अन्तरजातीय प्रेम विवाह गर्ने दम्पत्तिमाथि गृहमन्त्रीकै निर्देशनमा ज्यादती भएकोलगायत विषय उठान भए। संसद् अधिवेशनको सुरुका दिनमा भने संसद् छलेर अध्यादेश ल्याएर ओली सरकारले निरंकुशताको अभ्यास गर्न खोजेको भन्दै विपक्षी दलहरूले आलोचना गरे।

■■■

## बनेनन् संघीयता...

अर्को महत्त्वपूर्ण मानिएको विद्यालय शिक्षा विधेयक पनि संसद्मै अड्किएको छ। प्रतिनिधिसभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विधेयकको दफावार छलफल चलिरहेको छ।

यी संसद्मै अड्किएका विधेयकहरू संघीयता कार्यान्वयनको सन्दर्भमा अति महत्त्वपूर्ण छन्। तर, लक्ष्यअनुसार कानुन निर्माण गर्न सरकार अक्षम भएको छ। कांग्रेसका सांसद रामहरि खतिवडाका अनुसार हिउँदे अधिवेशनबाट २१ वटासम्म ऐन बनाउने उद्देश्य राखिएको थियो तर नौवटा मात्रै ऐन बन्यो। विधेयकलाई अघि बढाउन भन्दै कांग्रेस र एमाले सम्मिलित दुई दलीय संयन्त्र नै थियो। तर, आधालक्ष्य प्राप्त गर्न पनि सरकारले सकेन। कतिसम्म भने सरकारले ल्याएको भूमि अध्यादेशसमेत संसद्मा निर्णयार्थ पेस हुनै पाएन। त्यसै 'होल्ड' राखिएको छ। उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपालले उक्त अध्यादेशमा सहमति जनाएन। त्यही कारण प्रधानमन्त्री केपी शर्मा ओलीले अध्यादेशलाई अघि बढाएनन्।

■■■

## एसोसिएसन...

सदस्यहरू अभिनयमानसिंह बस्नेत, राजकाजी भोलान, रामप्रसाद गैरे र गोकुल रत्न छन्। निर्वाचनमा अनुशासन समितिको संयोजक कमलदेव मल्ल र सहसंयोजक बिल बस्नेतलाई तोकिएको छ। समितिका सदस्यहरू इन्द्र लामा र श्रद्धा खड्का छन्। महासमिति सदस्य महाधिवेशन प्रतिनिधि समन्वय समितिको संयोजक सञ्जय शेर्पा, सहसंयोजक मचिन्द्रनाथ सेर्मा र सदस्यमा चित्र केसी रहेका छन्।

प्रितम थापा मगरको संयोजकत्वमा संघ समन्वय समिति गठन गरिएको छ। जसको सहसंयोजक शिवकुमार कार्की र सदस्य एमबी राउत रहेका छन्। घटक जातीय भेगीय समन्वय समिति रविन शेरचनको संयोजकत्व र रमेश पाखिनको सहसंयोजकत्वमा गठन गरिएको छ। यस समितिमा तारामणि राई र व्यास माझी सदस्य छन्।

त्यसैगरी ज्येष्ठ नागरिक एवं पुराना वैदेशिक रोजगार व्यवसायी समन्वय समितिको संयोजक दिलप्रसाद धितालालाई बनाइएको छ। यस समितिमा हिक्मत शेरचन, एकनारायण काफ्ले, तीर्थबहादुर गुरुङ, मदन खड्का, आरसी गिरी र सरोज लामा गरी छ जना सहसंयोजक छन्। लोकतान्त्रिक एसोसिएसन नेपाली कांग्रेसको शुभेच्छुक संस्था हो भने गणतान्त्रिक मञ्च नेकपा माओवादी केन्द्रनिकट व्यवसायीहरूको संगठन हो।

गत आइतबार भुवनसिंह गुरुङको नेतृत्वमा एसोसिएसन र मञ्चको संयुक्त प्यानल घोषणा गरिएको थियो। यस प्यानलबाट प्रथम उपाध्यक्षमा नोकरी नेपाल प्रालिका सञ्चालक नरेन्द्रप्रसाद ढकाल उम्मेदवार बनेका छन्। यसैगरी द्वितीय उपाध्यक्षमा अलर्ट ओभरसिज प्रालिका सञ्चालक देवकुमार खोखाली, महासचिवमा ग्लोबल राइजिङ प्लेसमेन्ट प्रालिका सञ्चालक महेशकुमार बस्नेत सचिवमा आकृति रिक्रुटमेन्ट प्रालिका कुन्छादोर्जे डिम्दोङ र कोषाध्यक्षमा शुभहारती म्यानपावर प्रालिका विक्रम श्रेष्ठले उम्मेदवारी दिएका छन्। सचिव पदका उम्मेदवार डिम्दोङ गणतान्त्रिक मञ्चको कोटाबाट उम्मेदवार बनेका हुन्।

संयुक्त प्यानलबाट सदस्य पदमा इम्पेरियल ओभरसिज प्रालिकी विद्यालक्ष्मी बज्राचार्य, हिमालयन भ्याली नेपाल प्रालिका देवीप्रसाद गिरी, ब्रदर इन्टर नेसनल इम्प्लोइमेन्ट प्रालिका दीपककुमार राय, रसुवा ओभरसिज प्रालिका सुवर्ण लामा, सेक्युर नेपाल जब प्लेसमेन्ट प्रालिका सुमनराज पाण्डे, युनिक ओभरसिज प्रालिका तिलरूपा दाहाल, ग्लोबल एचआर हब प्रालिकी गीता राउत, इगल म्यानपावर कन्सल्टेन्ट प्रालिका कृष्ण ढकाल, रिजा ओभरसिज प्रालिकी रेखा शेर्मा र युनिभर्सल एचआर सोलुसन प्रालिका भरत सापकोटाले उम्मेदवारी दिने भएका छन्।

चुनावमा एसोसिएसन र नेकपा माओवादी निकट गणतान्त्रिक मञ्च तालमेल गरेर चुनावमा होमिने भएका छन्। संघको २१ सदस्यीय कार्यसमितिमा सचिव र ३ वटा सदस्य गणतान्त्रिकलाई दिइएको छ भने बाँकि सबै पदमा एसोसिएसनका उम्मेद्वार छन्।

■■■

## पत्रकार रजकको ...

शिक्षण अस्पतालमा पुगेसँगै उनको शरीरमा गोली लागेको हल्ला फैलिएको थियो। प्रहरीले भने उक्त समाचार गलत भएको दाबी गर्दै विज्ञप्ति निकालेको थियो। 'वास्ताविकता नबुझी सामाजिक सञ्जालमार्फत गलत एवं भ्रामक समाचार सम्प्रेषण गरी जनमानसमा नकारात्मक सन्देश प्रवाह गराउने व्यक्ति एवं संस्थालाई प्रचलित कानुन बमोजिम कानुनी दायरामा ल्याइने छ,' आइतबार जिल्ला प्रहरी परिसर काठमाडौंका सूचना अधिकारी अपिलराज बोहराले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

रजकको शरीरमा गोली चलेको हल्ला चलेसँगै चिकित्सकहरू एक्सरेपछि मात्र पोस्टमार्टम गर्ने अडानमा बसे। रजकको शवको मंगलबार साँझ एक्स-रे गरिएको र आज पोस्टमार्टम गरिने तयारी रहेको त्रिवि अस्पताल स्रोतले जनायो। उनको शरीरमा गोली नभेटिएको अस्पताल स्रोतले जनाएको छ। अर्का मृतक सविन महर्जनको भने पोस्टमार्टम भइसकेको छ। उनको दायाँ हातको कुहिनो नजिकको भागबाट कोख हुँदै ढाडबाट गोली निस्केको पाइएको छ।

यसैबीच रजक कार्यरत एभिन्युज टेलिभिजनको व्यवस्थापन र उनको परिवारले सरकारसँग तीनबुँदे माग राखेका छन्। गृहमन्त्री रमेश लेखकलाई बुझाइएको ज्ञापनपत्रमा रजकलाई निरपेक्षरूपमा सहिद घोषणा गर्नुपर्ने, जिउँदै जलाएको घटनाको उच्चस्तरीय छानबिन समिति गठन गरी घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कडाभन्दा कडा कारबाहीको माग गरिएको छ। त्यस्तै मृतकका परिवारलाई उचित क्षतिपूर्ति दिनुपर्ने मागसमेत गरिएको छ। रजकका परिवारले प्रधानमन्त्री केपी ओलीसँग सोमबार भेटघाट गरेको थियो। आन्दोलनका प्रमुख कमाण्डर भनिएका मेडिकल व्यवसायी दुर्गा प्रसाईं भने अझै फरार छन्।

■■■


# Tikapur Muncipality
## Office of The Municipal Executive
**Tikapur, Kailali**
**Sudurpaschim Province, Nepal**

## *Invitation for Bid*

**First Date of Publication:- 2081/12/20 B.S. ( 2th ,April, 2025 A.D)**

1. **Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali invites Sealed Quotation from the eligible bidders for the procurement of works given in table below under National Competitive Bidding Procedures.**

| S. N. | Contract Identification Number | Name of the Project and Location | Estimated Amount (Without VAT & PS) NRs. | Bid Security Amount NRs. | Bid Document Fee NRs. |
|---|---|---|---|---|---|
| 1.0 | TMO/NCB/56/ BUILD./2081/082 | **CONSTRUCTIONS OF JIBRAJ ASRIT LIBRARY BUILDING WORKS** ,Tikapur Municipality Ward No.1,Bangaun,Tikapur,Kailali. | NRs. 42,12,752.50 | NRs. 1,38,000.00 | NRs. 3000 |
| 2.0 | TMO/NCB/57/ ROAD/2081/082 | **BITUMINEOUS ROAD MAINTENANCE WORKS** (From Fulbari F.M to Through Block 24,25 Road,Way From Bangau kulo to through Tikapur airport Road,Way From Surypur chowk to Ward Office through Khakraula Road,Way From satti road to Laxinapur culvert area Road ,Way From Khakraula Road to Pasu Hatbazzar Road and Birendra Multipal Campus Gate area) Tikapur Municipality Ward No-1,3,6 and 8 ,Kailali | NRs. 77,44,743.52 | NRs. 2,56,000.00 | NRs. 3000 |

2. Eligible Bidders may obtain further information at **Tikapur Muncipality, Office of The Municipal Executive, Tikapur , Kailali** Or **Telephone No. :- +977 091-561118, or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp**
2. Interested bidders should submit only E-bid till **2th, May,2025 before 12:00 hrs.** through **PPMO e-GP System www.bolpatra.gov.np**/egp . No any Hard copy will be entertained.
3. Information to deposit the cost of bid document in Bank (Mention Purpose of Deposit Stating Contract Identification Number Clearly) :-

   **Name of Bank :- Nepal Bank Ltd., Tikapur Branch,Tikapur,Kailali.**

   **Name of Office : - Tikapur Muncipality, Office of The Municipal Executive, Tikapur , Kailali**

   **Office Account No.:- 10703000001001000001**

   **Revenue Heading No:- 14229**
4. Information to deposit the **Bid Security Amount in Bank** :-

   **Name of Bank :- Nepal Bank Ltd., Tikapur Branch,Branch.**

   **Name of Office : - Tikapur Muncipality, Office of The Municipal Executive,**

   **Tikapur , Kailali. .**

   **Office Account No.:- 10703000003000000001**

Or Bank Guarantee Issued by Commercial Bank or Financial Institution in the Name of Tikapur Muncipality, Office of The Municipal Executive, Tikapur,Kailali( Mention Purpose of Deposit Stating Contract Identification Number clearly ).

5. Bid Validity Period shall be 90 days from the date of Bid Opening and Bid Security Validity Period shall be 120 days from the date of Bid Opening.
6. Pre-bid meeting shall be held at Tikapur Muncipality, Office of The Municipal Executive, Tikapur , Kailali at 13: 00 hrs. on 20th **,April, 2025.**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid will be opened in the presence of Bidder's representatives who choose to attend at **14:00 hrs. on 2th,May,2025** at Tikapur Muncipality, Office of The Municipal Executive, Tikapur ,Kailali .
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing laws of Nepal.
11. Any amendments on this notice shall be posted on office information board and on office website:www.tikapurmun.gov.np

**Chief Administrative Officer**



**युएइमा रोजगारको अवसर** कम्पनी : NAMAT ALSAMA TECHNICAL AND CLEANING SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/१२/१८ LT. No. 321361 चलानी नं. ६०२३५५११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER / HELPER | 100 | 0 | 1000 | ३७,२०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र २७ गते (9th March 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**GURUNG MAGAR SERVICES PVT. LTD.**
Basundhara-5, KTM. Nepal, Tel: +977-15903411, +977-15903412 , 9851002414 , 9849886526, 9841896927, 9851003258, 9849832175, Email: gmservicesnepal@gmail.com, Website : www.gurungmagarservices.com
Govt. Lic. No. 851/066/067



**साउदीमा रोजगार** कम्पनी : Six Drops Cafe, KSA

पूर्व स्वीकृति मिति : २०८१/१२/१५ LT. No. 321083 चलानी नं. ६०२३५५१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiters | 1 | 0 | 1200 | ४३,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २७ गते (9th April 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

International Govt. License No. 706/064/065
**INTERNATIONAL TRADE LINKS NEPAL PVT.LTD.**
KMC-4, Dhumbarahi, Kathmandu, Nepal, Tel: +977-1-4970669
E-mail : info@itlnepal.com, nir@itlnepal.com, Web: www.itlnepal.com



**ZERO COST RECRUITMENT OPPORTUNITY FOR KUWAIT!!!**
**शुन्य लागत अन्तर्गत कुवेतमा वैदेशिक रोजगारको अवसर।**

Free Visa, Free Ticket, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क भर्ना प्रकिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

McDonald's

COMPANY: Al Maousherji Catering Co, Kuwait **(McDonald's Company)**
कम्पनी : अल मसुरजी क्याटरिङ को, कुवेत

Pre Approval Date : 2024-07-26 पूर्व स्वीकृति मिति : २०८१/०४/११ | Re-Published Date : 2025-04-01 पुन: विज्ञापन स्वीकृति मिति : २०८१/१२/१९ | LT. No. 308002 एल टि न. ३०८००२ | चलानी नं. ६०२२२७४६ Invoice No. 60222746

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Crew/Waiter | 47 | 157 | 120 | ५३,१९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १२ गते (25th April 2025) मा हुनेछ।

**Pre-interview is going on. प्रि- अन्तरवार्ता धमाधम भइरहेको छ।**
**The age of the applicant should be between 21 to 27 years. आवेदकको उमेर २१ देखि २७ वर्षसम्मको हुनु पर्नेछ।**

**नोट:** आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा इमराल्ड आयल नेपाल लि. प्रा. लि. मा आवेदन दिन आमन्त्रित गरिएको छ। आवेदकको उमेर २१ देखि २७ वर्षको हुनुपर्नेछ। साथै आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन।
Note: Applicants are invited to Emerald Isle Nepal Pvt Ltd to apply directly without using any mediators.
Applicated age to 21-27, Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले ब्यहोर्ने Management of Workers Welfare Fund NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer सेवा शुल्क कसले ब्यहोर्ने who will bear the Service Fee

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन।
यसको मतलव कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलव कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने।
Emerald Isle Nepal Pvt Ltd(Gulmi Overseas Pvt Ltd) does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, व्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस्। २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

Emerald Isle Nepal Pvt. Ltd. श्रम ईजाजत नं. ११०८/०७३/०७४
**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-01-4588542/4589323
Mob: 9801248107, 9801248108, 9801248106, 9801879000
Send Documents on cv.einepal@gmail.com,
Email:- emeraldislenepal@gmail.com, info@einepal.com.np

# उच्चस्तरीय राष्ट्रिय सुरक्षा तालिम सम्पन्न




**काठमाडौं (प्रस)–** रक्षा मन्त्रालय र नेपाली सेनाको सहकार्यमा यही चैत ३ गतेदेखि सैनिक कमाण्ड तथा स्टाफ कलेज शिवपुरीमा सञ्चालन भएको उच्चस्तरीय राष्ट्रिय सुरक्षा तालिम मंगलबार सम्पन्न भएको छ ।

तालिममा विभिन्न मन्त्रालय, संवैधानिक निकाय, विश्वविद्यालय, सञ्चार जगत्, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल एवं राष्ट्रिय अनुसन्धान विभागबाट गरी २९ जना सम्मिलित थिए ।

तालिमको समापन समारोहमा रक्षामन्त्री मानवीर राईले नेपालको संविधानले निर्देशित गरेको स्वतन्त्रता, भौगोलिक अखण्डता र राष्ट्रिय एकतालाई अक्षुण्ण राख्दै राष्ट्रिय सुरक्षा प्रणालीलाई विकास गर्नुपर्नेमा जोड दिए । उनले बहुजाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायहरूमा पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गर्दै सुरक्षा प्रणालीलाई सुदृढ गर्नुपर्ने आवश्यकता औंल्याए ।

प्रधानसेनापति अशोकराज सिग्देलले यस किसिमको तालिमबाट राष्ट्रिय सुरक्षाका क्षेत्रमा विभिन्न निकायबीच सहकार्य र समन्वय भई एकीकृत प्रयासमा साझा धारणा निर्माण हुने उल्लेख गरे । उनले तालिमबाट सुरक्षा नीतिहरूको सफल कार्यान्वयन गर्न गराउन महत्त्वपूर्ण भूमिका निर्वाह हुने विश्वास व्यक्त गरे ।

सैनिक कमाण्ड तथा स्टाफ कलेजका शिक्षाध्यक्ष उपरथी चोकबहादुर ढकालको स्वागत मन्तव्यबाट सुरु भएको समापन समारोहमा पूर्वप्रदेश प्रमुख, पूर्वप्रधानसेनापति, विभिन्न मन्त्रालयका सचिव, बलाधिकृत रथी, बलाध्यक्ष रथी, रथीवृन्द, अन्य सुरक्षा निकायका प्रतिनिधिहरू, अधिकृत तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

तालिमका क्रममा चैत १४ गते राज्य सञ्चालनमा सुशासनका संयन्त्रहरू र नेपालको वर्तमान अवस्था विषयक राष्ट्रियस्तरको एक दिवसीय उच्चस्तरीय सेमिनारसमेत सञ्चालन गरिएको थियो । राष्ट्रिय सुरक्षा र बृहत्तर राष्ट्रिय हितका आयामहरूबारे ज्ञान र बुझाइमा एकरूपता कायम होस् भन्ने उद्देश्यले वि.सं. २०७२ देखि सुरु भएको यस तालिमबाट हालसम्म २५२ जना प्रशिक्षित भइसकेका छन् ।

# राप्रपा सांसद बोहराको निधन, आज अन्त्येष्टि गरिने

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभा सदस्य एवं राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता दीपक बोहराको ७६ वर्षको उमेरमा निधन भएको छ । चाबहिलस्थित ओम अस्पतालमा उपचारका क्रममा उनको मंगलबार निधन भएको राप्रपा प्रवक्ता मोहन श्रेष्ठले बताए ।

रूपन्देही क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभामा निर्वाचित उनी विगत तीन वर्षदेखि विभिन्न स्वास्थ्य समस्याबाट पीडित थिए । उनी 'पोस्ट कोभिड' समस्याबाट पीडित भएको चिकित्सकले बताएका थिए । राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रूपन्देही निर्वाचन क्षेत्र नं ३ बाट निर्वाचित सांसद बोहोराको ७६ वर्षको उमेरमा मंगलबार बिहान निधन भएको हो । उनको निधनमा मंगलबार प्रतिनिधिसभाले शोक प्रस्ताव पारित गरेको छ ।

यसैबीच राप्रपाले आफ्नो पार्टीका वरिष्ठ नेता एवं प्रतिनिधिसभा सदस्य बोहराको निधनप्रति दुःख व्यक्त गर्दै तीन दिन शोक मनाउने भएको छ । मंगलबार पार्टीको केन्द्रीय पदाधिकारीको आकस्मिक बसेको बैठकले वरिष्ठ नेता एवं प्रतिनिधिसभा सदस्य बोहराको निधनप्रति गहिरो दुःख व्यक्तसहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै तीन दिन शोक मनाउने निर्णय गरेको सो पार्टीका प्रवक्ता एवं प्रचार विभाग प्रमुख मोहनकुमार श्रेष्ठले जानकारी दिए ।

उनले भने, 'वरिष्ठ नेता बोहराको निधनपश्चात् मंगलबार बैठक बसी शोक प्रकट गर्न तीन दिन पार्टीको केन्द्रीय कार्यालय, जिल्ला र कमिटीगत कार्यालयमा पार्टीको झण्डा आधा झुकाउने तथा तीन दिन कुनै पनि औपचारिक कार्यक्रम नगर्ने निर्णय भएको हो ।'

बैठकमा वरिष्ठ नेता बोहराको निधनबाट राप्रपा र नेपालको राष्ट्रवादी आन्दोलनलाई ठूलो क्षति पुगेको तथा राप्रपा निर्माणमा उनको योगदान सदैव स्मरण गरिने र पार्टीले शोकाकूल परिवारमा समवेदना प्रकट गरिएको प्रवक्ता श्रेष्ठले बताए ।

यसैगरी वरिष्ठ नेता बोहराको पार्थिव शरीरलाई अन्तिम श्रद्धाञ्जलीका लागि आज बुधबार दिउँसो २ बजेदेखि पार्टी केन्द्रीय कार्यालय चाबहिलमा राखिने र स्व. बोहराको बुधबार नै पशुपति आर्यघाटमा अन्तिम संस्कार गरिने सो पार्टीले जनाएको छ ।

## अधिकृत वारेसनामा वदर गरिएको सूचना

**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८१/१२/२०**

अधिकृत वारेसनामा दिने म निवेदक कृष्ण प्रसाद उप्रेतीको छोरी इन्द्र प्रसाद खरेलको पत्नी चितवन जिल्ला खैरहनी-४ को हाल परिवर्तित खैरहनी नगरपालिका वडा नं.-८ बस्ने वर्ष ६७ की खेम कुमारी खरेल (ना.प्र.नं. ३५०, मिति २०४५/०९/१८, चितवन) ले मिति २०७० साल साउन ३० गते श्री चितवन जिल्ला अदालतमा उपस्थित भई खडानन्द प्रसाईको नाति, विद्याराज प्रसाईको छोरा ताप्लेजुङ जिल्ला हाङपाङ-६, नागरिकतामा ठेगाना भई हाल भक्तपुर जिल्ला सुर्यविनायक नगरपालिका वडा नं.-३ बस्ने वर्ष ५३ को धीरेन्द्र राज प्रसाई (ना.प्र.नं.१२४/२३५२, मिति २०४४/१२/१४, ताप्लेजुङ) लाई यो अधिकृत वारेसनामा लेखी ऐ. संहिताको दफा १५३ (२) बमोजिम अधिकृत वारेस नियुक्ति गरी तल उल्लेखित मेरा नाउँमा मालपोत कार्यालय चावहिल काठमाडौंमा दर्ता रहेको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.-६ नक्सा सिट नं. १०२१०२८११, कि.नं. ७९३ को क्षेत्रफल ०-०-२-३ (२१.८६ व.मि.) ऐ.ऐ.कि.नं. ७९५ को क्षेत्रफल ०-२-१-१ (७३.५३ व.मि.) गरी २ कित्ता पूरै जग्गाहरु र सो जग्गामा बनेको घरसमेत मेरो हक छाडी बेचबिखन गर्नुपर्ने भएको घरायसी कार्यव्यस्तताको कारणले सम्बन्धित मालपोत कार्यालय चावहिल काठमाडौंमा उपस्थित हुन नसक्ने हुँदा उक्त जग्गाहरु बेचविखन गर्नका लागि मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५४ बमोजिम अधिकृत वारेसनामा दिएकोमा अब उप्रान्त म आफैं सम्बन्धित मालपोत कार्यालयमा उपस्थित भई उल्लेखित काम, कार्वाही गर्न सक्ने भएको हुँदा मैले कानुन बमोजिम अधिकार प्रत्यायोजन गरेको व्यक्तिलाई कानुन बमोजिम नै साविक मुलुकी ऐन आ.व. ७१ (ग) (३) बमोजिम र हालको मुलुकी देवानी संहिता २०७४ को दफा १५५ बमोजिम अधिकृत वारेसनामालाई खारेज गरेको छु । **–खेम कुमारी खरेल**

## लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/१२/२०**

यस सा व उ स वाट संकलित साल चिरान काठ ३२८.८१ क्यू फिट र खयर काठ ४३४.८७ क्यू फिट (हर्ट उड) लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ । **रानीवन सा. वन उपभोक्ता समूह, आँवुखैरेनी ६, तनहूँ ।**

## लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/१२/२०**

यस सा व उ स वाट संकलित खयर काठ २८१.६३ क्यू फिट (हर्ट उड) लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**चापेगैरा सालथुम्की सा. वन उपभोक्ता समूह, व्यास १०, तनहूँ**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको मिति २०८१।१०।२६मा बसेको विशेष साधारण सभाको निर्णयानुसार कम्पनी लोउलान रेष्टुरेण्ट प्रा.लि. (Loulan Restaurant Pvt. Ltd.) दर्ता नं. १६९६७९ (दर्ता मिति २०७४।०२।३० नामको रहेको संम्पूर्ण चल अचल संम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सर्कार्ने गरी कम्पनीको नाम परिवर्तन गरी फोटिन पिक्स बिजनेश लाउन्ज प्रा.लि.(Fourteen Peaks Business Lounge Pvt. Ltd.) कायम गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनीले चाइनाबाट पैठारी गरेको दोहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपशिल**

| S.N. | Product | Brand | Model | Origin of Country | Unit | Rate | Capacity | Total MRP | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AirConditioner | Konka | KAC12GHA-NAR | China | PCS | NPR | 1 ton | 46,000 | |
| 2 | AirConditioner | Konka | KAC12GHA-INV | China | PCS | NPR | 1 ton | 57,000 | |
| 3 | AirConditioner | Konka | KAC18GHA-NAR | China | PCS | NPR | 1.5 ton | 67,500 | |
| 4 | AirConditioner | Konka | KAC24GHA-NAR | China | PCS | NPR | 2 ton | 85000 | |
| 5 | Washing Machine | Konka | XQG80-12B13 | China | PCS | NPR | 8 kg | 50,000 | |

विक्रेताको फर्मको नामः Saurabh Photo International — स्थायी लेखा नंः 300050271

ठेगानाः Neupane Tower, Tinkune, Subidhanagar — फोन नंः 01-4111630

# तीनकुने घटना प्रकरणमा थप २४ जना पक्राउ

**काठमाडौं (प्रस)–** प्रहरीले काठमाडौंको तीनकुने घटनामा संलग्न रहेको अभियोगमा थप २४ जनालाई पक्राउ गरेको छ ।

यही चैत १५ गतेको तीनकुनेमा आयोजिक कार्यक्रममा हिंसात्मक प्रदर्शन, अराजक गतिविधि र तोडफोडको घटनामा संलग्न भएको आरोपमा थप २४ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिए ।

उनले भने, 'उक्त घटनामा संलग्न रहेको अभियोगमा थप २४ जना पक्राउ परेका छन्, यस अघि ४१ जनालाई पक्राउ गरी म्याद थप गरेर अनुसन्धान अघि बढाइएको छ ।' उनीहरूलाई काठमाडौंका विभिन्न स्थानबाट पक्राउ गरिएको जिल्ला प्रहरी परिसरले जनाएको छ ।

## तु-आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिध्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**०१:-पि.आर.ओ (महिला/पुरुष)**
**माग संङ्ख्या:-(०५ जना)**

Qualification for PRO : Must have minimum experience of PRO 3-4 years & +2 cleared

**सम्बन्धीत क्षेत्रमा ३-४ बर्षको अनुभवी अंग्रेजी राम्रोसंग बोल्न लेख्न र कम्प्युटरको ज्ञान भएको तलब : आपसी समझदारीमा**

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : md@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## मलेशियामा रोजगार

**कम्पनीः Asian Security Services SDH. BHD.** | **शहरः Djalan**

पूर्व स्वीकृती मितिः २०८१/१२/१९ | L T. No. 321368 | चलानी नं. ६०२३५५२५

| सि.नं. | कामदारको पद | माग संख्या (पु.) | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी | कामदारको छनौट तरीका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guards | 50 | काममा दक्ष | 1700 | ५२,२७५।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | ८ दिन | छ | छ | २ वर्ष | अन्तरवार्ता |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने र नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | सामाजिक सुरक्षा कोष सम्बन्धी व्यवस्था | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार तिर्ने | दिने | कामदार तिर्ने | विमा हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैंले | रु. १,५००।– कामदार आफैंले | निःशुल्क | कामदार आफैंले | निःशुल्क |

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**ः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, वानेश्वरमा सम्पर्क राख्नुहोला ।

**अन्तरवार्ता मितिः २०८२/०१/०३ र ०४ गते (2024 April 16 & 17)**

**NAVAJEEVAN INTERNATIONAL PVT. LTD.** Lic. No.: 565/062/063
Tokha-11, Mahadevtar, Kathmandu, Nepal, **Phone No.: 01-4954608, 9841160318**

**Sudurpaschim Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

## Infrastructure Development Office, Kanchanpur

## Invitation for Bids (IFB) No. 07-IDOKAN/081/82

**Date of first publication: 2081-12-20 (2nd April, 2025)**

1. Infrastructure Development Office, Kanchanpur invites electronic bids from eligible domestic bidders for the construction works enlisted below:

| Contract No. | Name and Location of the Construction Work | Estimated Amount ( Including VAT & PS ) | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|
| IDOKAN/ W/NCB/ 081/82-61 | Krishnapur 7 ko ward Karyala Dekhi Attariya jodne Sadak, Krishnapur 7, Kanchanpur | NRs. 2416254.18 | 55,000.00 | 3,000 |
| IDOKAN/ W/NCB/ 081/82-62 | Dotyal ko mil bata khadak bahadur Maharako ghar hudai sita Samudayik bhawan jane Road, Krishnapur 9 ; Singhpur Samudayik bhawan dekhi paschim jane sadak, Krishnapur 6 | NRs.24,16,595.41 | 55,000.00 | 3,000 |
| IDOKAN/ W/NCB/ 081/82-63 | Krishi sadak nahar cross hudai milan chowk jane sadak samma kalopatre ; Chakrapath (Ring Road) Kalopatre, Dodhara Chandani Na pa | NRs. 24,16,182.77 | 55,000.00 | 3,000 |
| IDOKAN/ W/NCB/ 081/82-64 | Purnagiri mai Sansarimai Piknik spot sammako sadak akalopatre Dodharachandani 7 ; Sundarnagarko bhatarako simana dekhi Bhairab AA BI samma sadak kalopatre, Dodharachandani 7 ; Rastriya AA BI dekhi Puteghari Khel maidan tatha BOP samma sadak kalopatre, Doddhara Chandani 7, Kanchanpur | NRs. 24,16,005.71 | 55,000.00 | 3,000 |
| IDOKAN/ W/NCB/ 081/82-65 | Butawari school dekhi visi chowk Karnali Tole hudai Khiriya Ranatole Transfermer Little Garden jodne sadak kalopatre ; Hulaki Rajmarg Pipalchowk dekhi khajuwapatti gaubata bhattaghat pul hudai bhuda samma sadak kalopatre Belauri 8 & 10 ; Gokul Ranachowk dekhi Bhagatpur char Gharuwa hudai Baujudanda jodne sadak kalopatre Belauri 2, Kanchanpur | NRs. 24,16,236.80 | 55,000.00 | 3,000 |
| IDOKAN/ W/NCB/ 081/82-66 | Shiv Mandir dekhi Pathraiya Pula samma adhuro gravel Laljhadi, 1 ; Nawodama amitar dekhi dakshin jane sadak, Laljghadi 1 ; Laljhadi Ga Pa Dangajai ringroad kalopatre ; Ward 2 office dekhi Palika jodne sadak nirman Laljhadi | NRs. 24,16,666.18 | 55,000.00 | 3,000 |
| IDOKAN/ W/NCB/ 081/82-67 | Laljhadi Ga Pa ward 2 karyalaya dekhi palika sa,,a joidne sadak ; Laljhadi 1 Nawodaya Aawitar dekhi dakshin jane sadak kalopatre, Laljhadi ; Laljhadi 4 Dangajai Ringroad kalopatre | NRs. 24,16,412.13 | 55,000.00 | 3,000 |
| IDOKAN/ W/NCB/ 081/82-68 | Pipal Chautara Dakshin Rij School hudai krishi sadak jodne Road, Krishnapur 6 ; Krishnapur 7 ko ward Karyala Dekhi Attariya jodne Sadak, Krishnapur 7, Kanchanpur | NRs. 24,16,417.01 | 55,000.00 | 3,000 |
| IDOKAN/ W/NCB/ 081/82-69 | Mul nahar chowk dekhi purba bel ko rukh hudai krishi sadk samma Road, Krishnapur 4 ; Mul Nahar dekhi paschim kichai jodne pul samma sadak, Krishnapur 4 ; Roayal chowk dekhi Baluwa Nala samma Sadak, Krishnapur 4 | NRs. 24,16,031.75 | 55,000.00 | 3,000 |
| IDOKAN/ W/NCB/ 081/82-70 | Bhudagaudi Mittia Chaudhari ko ghar paschim sikri kunda samma staronnati Belauri 10 ; Ward 4 karyalay dekhi Nath Chauraha samma Sadak Kalopatre, Beldandi Ga Pa 4 | NRs 24,15,738.34 | 55,000.00 | 3,000 |
| IDOKAN/ W/NCB/ 081/82-71 | Beldandi swasthya chauki dekhi sarswati shahiko ghar samma kalo patre ; Tek Giriko ghar huda Harichandra Jaishiko ghar samma Gravel Nirman, Beldandi 3 | NRs 24,16,066.66 | 55,000.00 | 3,000 |

2. Bidders shall have the option of submitting their bids electronically only from PPMO's Web Site www.bolpatra.gov.np./egp and may obtain further information at Infrastructure Development Office, Kanchanpur mail address idokanchanpur@gmail.com

**Office Chief**

## रिलायन्स फाइनान्स लिमिटेड, कमलादी, काठमाडौंको धादीङ्ग शाखा कार्यालयको लागि आन्तरिक सजावतको कार्य तथा फर्नीचर निर्माण/सप्लाई गर्ने बारे १५ दिने शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/१२/२०)

यस वित्तीय संस्थाले स्थानान्तर गर्न लागेको धादीङ्ग शाखाको लागि आवश्यक पर्ने आन्तरिक सजावटको कार्य तथा फर्नीचर निर्माण/खरिद गर्नु पर्ने भएको हुँदा उक्त कार्य गर्न इच्छुक नेपाल सरकारबाट इजाजत प्राप्त फर्म, कम्पनी वा सप्लायर्सबाट निम्न बमोजिमको शर्तहरु पालना गर्ने गरि रीतपूर्वकको शिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

१. बोलपत्र फाराम रु. १०००/- (रुपैयाँ एक हजार मात्र) मा पछि फिर्ता नहुने गरि यस संस्थाको मूख्य कार्यालय कमलादी स्थित सामान्य प्रशासन विभागबाट खरिद गरि १५ दिन भित्र बोलपत्र गरी पेश गर्नु पर्नेछ । यस प्रयोजनका लागि बोलपत्र बुझाउँदा खाममा शिलबन्दी गरी खामको बाहिर फर्मको नाम र ठेगाना स्पष्ट लेखि दाखिला गर्नु पर्नेछ । बोलपत्रवालाले गर्नु पर्ने कार्य तथा शर्तहरु बोलपत्र फाराम संगै उपलब्ध गराइनेछ ।

२. प्राप्त भएका शिलबन्दी बोलपत्रहरु १६ औ दिन दिनको २ बजे शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधीको रोहबरमा यस संस्थाको मूख्य कार्यालय, कमलादीमा खोलिनेछ । तर शिलबन्दी बोलपत्र दाताहरु वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. शिलबन्दी बोलपत्र खरिद गर्ने, बुझाउने एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगतै पछि कार्यालय खोलेको दिन सोही समयमा हुनेछ ।

४. बोलपत्र फारामका साथ आफूले कबुल गरेको रकमको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस बित्तिय संस्थाको खातामा नगदै जम्मा गर्नुपर्नेछ वा सो बराबरको बैंक ग्यारेन्टी (विड बण्ड) पेश गर्नुपर्नेछ ।

५. बोलपत्रसाथ निम्न कागजातहरु समेत पेश गर्नुपर्नेछ ।
   क. अद्यावधिक कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि
   ख. मूल्य अभिवृद्धि कर PAN/VAT प्रमाणपत्रको प्रतिलिपि
   ग. कम्पनी/फर्मको संक्षिप्त परिचय तथा कार्यानुभव (Profile)
   घ. बैंक/वित्तिय संस्था वा अन्य संस्थामा काम गरेको कार्य अनुभवको प्रमाणपत्र ।
   ङ. Partnership Deed/AOA & MOA को प्रतिलिपी ।
   च. कर चुक्ता प्रमाण पत्र ।

६. रित नपुगेको तथा समयमा प्राप्त नभएको बोलपत्र उपर कुनै कारबाही हुनेछैन ।

७. प्राप्त बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा कारण जनाई वा नजनाई अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ ।

**RELIANCE FINANCE LIMITED**
रिलायन्स फाइनान्स लिमिटेड
**Head Office:** Reliance Bhawan, Kamaladi, Kathmandu.
Tel: 01-5361104, 5323117, 5361041, 5361167, 5903698 | www.reliancenepal.com.np
वित्तीय सेवाको अर्को परिभाषा

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## वायु प्रदूषण नियन्त्रण अत्यावश्यक

**वर्षा सक्रिय नहुँदा काठमाडौँको आकाश धुम्म छ । सडकमा यात्राका क्रममा आँखा पोल्ने क्रम पनि बढ्दो छ । यस्तो अवस्थामा पुगेको प्रमुख कारण हो देशभर लागेको डढेलो । यसैले पनि होला काठमाडौं उपत्यका विश्वकै प्रदूषित सहरको सूचीमा पहिलो नम्बरमा आएको छ । पछिल्लो तीन दिनदेखि लगातार काठमाडौं विश्वकै प्रदूषित सूचीमा पहिलो नम्बरमा पर्दै आएको हो ।**

**स्विट्जरल्याण्डस्थित प्रदूषण मापन गर्ने संस्था 'आइक्यू एअर'का अनुसार मंगलबार काठमाडौंको वायु गुणस्तर २४८ एक्युआई मापन भयो । सामान्यतया शून्यदेखि ५० सम्मको एक्युआईलाई सन्तोषजनक मानिन्छ । १५० भन्दा माथिलाई भने अस्वस्थकर । एक्युआई १५० देखि २०० हुँदा श्वास प्रश्(वाससम्बन्धी समस्या भएका र पाका उमेरका मानिसलाई असर गर्ने विज्ञ बताउँछन् । २०१ देखि ३०० एक्युआईले सबै उमेर समूहका मानिसको स्वास्थ्यमा जोखिम बढाउँछ । तीव्र गतिको हावा र वर्षाको सम्भावना नरहँदा तत्काल प्रदूषण घट्ने सम्भावना नरहेको जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।**

**सामान्यतय चैत महिनामा नेपालमा धेरै स्थानमा आगलागी हुन्छ । यसमा मानिसहरू आफैं पनि खेती किसानी प्रयोजनका लागि आगो लगाउने चलन पनि छ । खेतमा जम्मा भएका पातपतिंगर जलाउने, वन फस्टाओस् भनेर वनमै आगो लग(इदिनेजस्ता काम पनि गर्छन् । खासगरी मधेस क्षेत्रमा खेतमा पातपतिंगर जलाउने, पहाडी क्षेत्रमा खेतबारीका कान्लामै डढेलो लगाउने चलन पनि छ । जसका कारण वायु प्रदूषण बढेको हो । विगत केही वर्षयता चैतमा काठमाडौ संसारकै धेरै वायु प्रदूषण हुने सहरको सूचीमा पर्दै आएको छ ।**

**आगलागीबाट सिर्जित धुवाँले वातावरण त बिग्रेको छ नै मानव स्वास्थ्यमा प्रतिकूल असर पर्छ । यसका लागि सबैभन्दा पहिले त चेतनामूलक कार्यक्रम नै चलाउनुपर्ने देखिन्छ । नभए काठमाडौं यस्तो मौसममा हानिकारक धुवाँकै कारण धुम्मिने देखिन्छ । यसका लागि प्राकृतिक या मान्छेहरूको नियतवश हुने वन जंगलको आगलागीलाई हामी सामुदायिक र सरकारी प्रयासबाट कम गराउनुपर्छ ।**

**यसैगरी राष्ट्रिय वातावरण नीतिअन्तर्गत वातावरणीय न्यायका नीति, रणनीति तथा कार्यनीतिको कार्यान्वयन गर्न जरूरी छ । वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गरेमा क्षति भएको बिगो असुल गरी तीन वर्षसम्म कैद वा ६० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था पनि कार्यान्वयन गराउन जरूरी छ ।**

श्रम सरोकार

## वैदेशिक रोजगारमा जाने माध्यम

१. इजाजतपत्रवाला (म्यानपावर कम्पनी) संस्थामार्फत वैदेशिक रोजगारमा सबैभन्दा सरल र भरपर्दो तरिकाले जान सकिन्छ । कानुनले तोकेका सबै प्रक्रिया पूरा गरेर यो प्रक्रियामार्फत वैदेशिक रोजगारीमा गए कानुनी सुविधा र अन्य संयन्त्रको पहुँचमा पुग्न सकिन्छ । यस्ता कम्पनीले विदेशबाट माग ल्याएका हुन्छन् । ती माग वैदेशिक रोजगार विभागबाट पूर्वस्वीकृति लिएर, अनिवार्यरूपमा राष्ट्रियस्तरका पत्रपत्रिकामा सूचना निकालेको हुनुपर्दछ । सूचनामा पूर्वस्वीकृति मिति र कूल लागत उल्लेख हुनुपर्दछ ।
रोजगारदाता कम्पनी र सम्बन्धित मुलुकबारे जानकारी लिइसकेपछि उक्त मुलुकमा जाँदा लाग्ने खर्चबारे आफैंले पनि जानकारी लिनुपर्दछ । व्यवसायीले सूचना प्रकाशन गरेको/नगरेको यकीन गर्नुपर्दछ । आशंका भए वैदेशिक रोजगार विभागमा सोधपुछ गरी यकीन गर्नुपर्दछ । म्यानपावर कम्पनीमार्फत वैदेशिक रोजगारमा विशेषगरी संगठित क्षेत्रको काममा जाँदा तुलनात्मकरूपमा सुरक्षित हुन सकिन्छ ।

२. व्यक्तिगत स्वीकृति लिएर व्यक्तिगत प्रयासबाट विदेशको कुनै रोजगारदातासँग सम्झौता गर्न सकेमा व्यक्तिगत स्वीकृतिमा वैदेशिक रोजगारमा जान सकिन्छ । तर वैदेशिक रोजगारमा जाने यस्ता कामदारका लागि सरकारले विशेष मापदण्ड बनाएकाले यस्तो मापदण्ड पूरा गर्नुपर्छ । यसलाई व्यवस्थित गर्न व्यक्तिगत श्रम स्वीकृति लिने प्रक्रियासम्बन्धी निर्देशिका, २०६९ जारी भएको छ । यस निर्देशिकाले सम्बन्धित व्यक्तिको आमा, बाबु, छोरा, छोरी, दाजु, भाइ, दिदी, बहिनी, पति, पत्नि, छोरा, छोरीलाई मात्र नाताको रूपमा स्वीकार गरेको छ । यो प्रक्रियामा वैदेशिक रोजगारमा जाँदा संस्थागत सुरक्षाको भने अभाव हुन्छ । आफन्त वा साथीहरूका माध्यमबाट विदेशमा काम गर्न जान चाहने कामदारहरूले माथि उल्लिखित सम्पूर्ण प्रक्रियाहरू पूरा गरी वैदेशिक रोजगार विभागको स्वीकृति लिनुपर्दछ । दूतावासबाट प्रमाणित नभएको काममा व्यक्तिगत स्वीकृति लिएर जानेहरू बढी जोखिममा परेका हुन्छन् । घरेलु कामदारहरूको हकमा टिकट, भिसा आदि जस्ता खर्च नलाग्ने हुन्छ ।

३. नेपाल सरकारको स्वामित्वमा भएको संस्थामार्फत यो प्रक्रिया सबैभन्दा सुरक्षित प्रक्रिया हो । नेपाल सरकारले कुनै कूटनीतिक सम्बन्ध कायम भएका मुलुकसँग सम्झौता गरेर यस प्रक्रियामा कामदार पठाउने व्यवस्थागर्न सक्छ । जस्तो इपिएस प्रणालीअन्तर्गत दक्षिण कोरियामा नेपाली कामदारहरू हाल पठाइने गरेको छ ।

४. नेपाल सरकारले तोकेको संस्थाबाट मात्र यो प्रक्रियामा सरकार सरकारबीच सम्झौता भए पनि कामदार छनोट गर्ने प्रक्रिया भने कुनै निश्चित संस्थालाई दिनसक्छ । जस्तो हाल जापान पठाउन सरकारले यस्तो प्रक्रिया अपनाएको छ ।

# बहुवर्षीय आयोजनाको दुष्चक्र र व्यवस्थापन



■ शिवहरि सापकोटा

> योजना चक्रको सिद्धान्तअनुसार कुनै आयोजना सुरु गर्नुअघि त्यसको आवश्यकता, सम्भाव्यता र उपयुक्तताको अध्ययन हुनु आवश्यक हुन्छ । योजना सफल बनाउनका लागि यो विधि अनिवार्य मानिन्छ । तर, हाम्रोमा यो सिद्धान्त प्रायः उल्लंघन हुने गरेको छ । विना विस्तृत अध्ययन र पूर्वतयारीका धेरै राजनीतिक प्रभावका योजनाहरु रातो किताबमा समावेश गरिनुले योजना निर्माण प्रक्रियालाई नै विकृत छ । यस्तो प्रक्रियाले न त परियोजनाहरुको समयमै सम्पन्नता सुनिश्चित हुन्छ, न त उपलब्ध स्रोतको प्रभावकारी प्रयोग ।

सरकारले आफ्नो आवश्यकता र राजनीतिक अभिष्ट पूरा गर्न प्रयोग हुने प्रकारको खर्च वृद्धिको काम जारी राखेको छ । हाम्रो जस्तो देशमा बजेटको ठूलो हिस्सा चालु खर्चमा विनियोजन हुनु र पुँजीगत खर्च कम हुनु अवाञ्छनीय हो । यसले पूर्वाधार विकास प्राथमिकतामा नपर्नु र राजनीतिक-प्रशासनिक इच्छा शक्तिको कमी देखाउँछ ।

आर्थिक वर्ष २०८१/८२ मा १८ खर्ब ६० अर्ब विनियोजन भएको बजेटमा पुँजीगत खर्चका लागि तीन खर्ब ५२ अर्ब रूपैयाँमात्रै छ । यो बजेट पनि पूरा खर्च गर्न नसक्नुले प्राविधिक र प्रशासनिक नेतृत्व र राजनीतिक वातावरण निकृष्ट भएको मान्न सकिन्छ ।

समाजवादी नाराका साथ पुँजीवादी चरित्र देखाउने राजनीतिक नेतृत्व र तिनकै पछि लागेर स्वार्थमा रमाउने प्रशासनिक तथा प्राविधिक नेतृत्वले देशको सुशासनमा खिल्ली उडाएका छन् । सीमित स्रोतमा विनियोजन भएको विकास बजेट विभिन्न बहानाबाजी र परीक्षणका नाममा धराशायी बनाउनु र निर्माण व्यवसायीले गरेको कामको भुक्तानीसमेत गर्न नसक्नु लाजमर्दो हो । अनगिन्ती आयोजना लथालिंग अवस्थामा छन्, अपवादबाहेक कुनै पनि आयोजना समयमा सम्पन्न भएका छैनन् । अपर तामाकोसी, चमेलिया, राहुघाट, नारायणघाट-बुटवल सडक, काठमाडौं तराई मधेस द्रुतमार्ग, सिक्टा, रानीजमरा, भेरी बबई डाइभर्सनजस्ता सिँचाइ आयोजना, विमानस्थल निर्माण, सरकारी भवन धरहरा निर्माण सबै निर्धारित समयभित्र नसकिनु यसका केही उदाहरण हुन् ।

### बहुवर्षीय आयोजनाको मापदण्डमै अनेकता

कस्ता आयोजना बहुवर्षीय प्रकृतिका हुन् भन्नेमा सम्बन्धित पक्ष अझै प्रस्ट छैनन् । ठूला र जटिल प्रकृतिका आयोजनाहरू जसले देशको अर्थतन्त्रमा उल्लेख्य प्रभाव पार्ने देखिन्छ स्वाभाविक बहुवर्षीय हुन्छन् भनिएको छ । उल्लेख्य भनेको कति हो ? मापन के हो ? थाहा छैन । यस्ता आयोजनाहरूलाई आवधिक योजनाले सम्बोधन गर्नुपर्ने हो ।

राष्ट्रिय योजना आयोगबाट प्रकाशित हुने पञ्चवर्षीय योजनामा यस्ता विषय उजागर हुँदैनन् । सार्वजनिक निकायका कतिपय आयोजनाहरू चालु आर्थिक वर्षमा नसकिने र दुई-तीन वर्षमामात्र सम्पन्न हुने अनुमान गरिएको अवस्थामा, त्यस्ता आयोजनाहरूका लागि विनियोजित पुँजीगत बजेट सालबसाली वा बहुवर्षीय कार्यक्रममार्फत व्यवस्थापन गरिएको हुन्छ । यसका लागि विनियोजित बजेट न्यून भएको अवस्थामा विकासका कार्यक्रम सञ्चालन गर्ने विभिन्न निकायहरूले मध्यकालीन खर्च संरचना (एमटिइएफ) अनुसारमात्र बहुवर्षीय ठेक्का व्यवस्थापन गर्नुपर्ने कानुनी प्रावधान छ । सार्वजनिक निकायले चालु आर्थिक वर्षमा बजेट र जनशक्ति व्यवस्थापन गर्न कठिनाइ भएमा यो विधि प्रभावकारी मानिन्छ । यसरी निकालिएका ठेक्कालाई आवश्यक रकम सिद्धान्त आगामी आर्थिक वर्षको बजेटले अनिवार्यरूपमा सम्बोधन गर्नुपर्ने हो । तर, आजका दिनसम्म त्यसरी बजेट बनाउने ट्रेण्ड नै बसेको छैन । सार्वजनिक निकायहरू ठेगान नभएको स्रोत सुनिश्चितताको पत्रको आधारमा ठेक्का लगाउँदै दायित्व सिर्जना गरिरहेका छन् । सडक विभागको मात्र कुरा गर्दा पनि त्यस्तो दायित्व झण्डै दुई खर्ब ३० अर्बभन्दा बढी पुगेको छ । सम्बन्धित मन्त्रालय तथा अर्थ मन्त्रालय यो विषयमा बहस चलाउन र कार्यान्वयन सहजीकरणमा ध्यान दिन अगाडि सरेको देखिँदैन ।

### आयोजना चक्र र बजेट

योजना चक्रको सिद्धान्तअनुसार कुनै आयोजना सुरु गर्नुअघि त्यसको आवश्यकता, सम्भाव्यता र उपयुक्तताको अध्ययन हुनु आवश्यक हुन्छ । योजना सफल बनाउनका लागि यो विधि अनिवार्य मानिन्छ । तर, हाम्रोमा यो सिद्धान्त प्रायः उल्लंघन हुने गरेको छ । विना विस्तृत अध्ययन र पूर्वतयारीका धेरै राजनीतिक प्रभावका योजनाहरू रातो किताबमा समावेश गरिनुले योजना निर्माण प्रक्रियालाई नै विकृत छ । यस्तो प्रक्रियाले न त परियोजनाहरूको समयमै सम्पन्नता सुनिश्चित हुन्छ, न त उपलब्ध स्रोतको प्रभावकारी प्रयोग ।

यो समस्याको कारणमध्ये योजनाहरूमा राजनीतिक प्राथमिकता बढी हुनु पनि एक हो । योजना लागू गर्ने क्रममा स्रोतको सुनिश्चितता नगरी अघि बढाउने मानसिकता, जसलाई क्रमागत कार्यक्रमको रूपमा राजनीतिक वृत्तमा मान्यता दिएको छ, प्राविधिक वृत्तमा चुनौती बनेको छ । अन्ततः स्रोतको अभावका कारण परियोजनाहरू पूरा नहुने र इञ्जिनियरिङ क्षेत्रको विश्वसनीयता पनि कमजोर बन्दै गएको छ । सरकार र सम्बन्धित निकायहरूले योजना चक्रको सिद्धान्तलाई कडाइका साथ पालना गरेमात्रै समस्या समाधान हुनसक्छ ।

बहुवर्षीय आयोजनाको ठेक्का व्यवस्थापन नयाँ विषय होइन । नेपालमा २००७ साल अगाडिदेखि वैदेशिक सहयोग र बहुवर्षीय आयोजना कार्यान्वयनमा रहेको इतिहास छ । यस्ता कार्यक्रम दातृ निकायले दुईदेखि पाँच वर्षभित्र सक्नेगरी योजना गर्ने भएकाले स्वाभाविकरूपमा बहुवर्षीय हुन्छन् । सुरुमा अमेरिकाबाट आएको सहयोग औलो उन्मूलनमा खर्च भयो । त्यसपछि भारतीय सहयोगमा बनेका गौचरण एयरपोर्ट र त्रिभुवन राजपथ पनि एक वर्षमा सम्पन्न भएका थिएनन् । २०१३ सालमा सुरु पञ्चवर्षीय योजनापछि विकास निर्माणका क्षेत्रमा बजेट छुट्याएर काम सुरु भयो ।

विश्व बैंक र एसियाली विकास बैंकले आवधिक योजनासँग मिलाएर ऋण र अनुदानका कार्यक्रम ल्याए, जुन अहिले पनि जारी छ । भारत, चीन, अमेरिका, जापानबाट सहयोग प्राप्त हुँदै आएको छ र यो क्रम निरन्तर छ ।

सरकारको वार्षिक बजेटमा एउटा आयोजनाका लागि एउटा बजेट शीर्षक प्राप्त भएको छ र बजेट पनि आयोजनाको अवधिभित्र सुनिश्चित भएको छ भने मान्नुहोस् त्यो योजना ढिलो चाँडो पूरा हुन्छ । यसका लागि नारायणघाट बुटवल सडकजस्ता आयोजनाबाट पाठ सिकेर तयारीलगायतका काम विधिपूर्वक छिटो सम्पन्न गर्ने वातावरण बनाउनेतर्फ लाग्ने हो भनेमात्र कामले गति लिन्छ र परिणाम निस्कन्छ । बजेट शीर्षक एउटा छ र त्यो शीर्षकभित्र धेरै योजनाहरू समावेश गरिएका छन् भने यसले समाधानभन्दा पनि समस्यामात्रै ल्याएका अनेक उदाहरणहरू छन् । अझ बजेट बाँडफाँड दामासाही वा मनोमानी गरिएको छ भने कार्यान्वयनको समयमा विरोध हुने र त्यहीबाट समस्या सुरु हुने देखिएको छ ।

पछिल्ला दिनमा बहुवर्षीय ठेक्काबारे धेरै टीकाटिप्पणी भइरहेका छन् । उदाहरणका लागि, वैकल्पिक राजमार्ग निर्माणमा चार अर्ब रूपैयाँ बजेट विनियोजन भयो, तर ७७ जिल्लामा ७७ सडक बनाउन रकम दामासाही बाँड्दा प्रत्येक सडकका लागि करिब ५२ लाखमात्र पुग्यो । यसरी रकम छुटाइएका सडकमध्ये धेरैको सम्भाव्यता अध्ययन भएको छैन, यसको लम्बाइसमेत थाहा छैन ।

पहाडमा एक किलोमिटर सडक बनाउन कम्तीमा तीन करोड र तराईमा साढे दुई करोड आवश्यक पर्छ । तीन वर्षको बजेट जोडेर ठेक्का निकाल्दा पनि एक करोड ५६ लाख रूपैयाँमात्र पुग्ने हुँदा यस्ता आयोजनाले न त परिणाम दिन्छन्, न स्थानीय जनतालाई सन्तुष्टि । आयोजनाको विस्तृत अध्ययन र वातावरणीय परीक्षण नगरी बजेट खर्च गर्ने प्रवृत्तिले फजुल खर्च र असन्तुलन निम्त्याएको छ ।

राष्ट्रिय राजमार्गमा नपरेका सडकमा खर्चिएका बजेट र त्यसबाट प्राप्त प्रतिफलले स्थिति झन् स्पष्ट बनाउँछ । संघको कार्यक्षेत्र बाहिरका कार्यक्रम जबरजस्ती रातो किताबमा राख्दा संघ, प्रदेश र स्थानीय तहमा धेरै विकृति छन्, जसको पुष्टि महालेखाको अडिटले गर्ने छ । यस्तै सहरी विकासलगायतका निकायहरूले बजेट शीर्षकमै धेरै कार्यक्रम राखेर काम गर्ने प्रवृत्तिले समस्यालाई थप बलियो बनाएको छ ।

सत्य कुरा के हो भने माथि उल्लेख गरिएझैं, विनियोजन भएको ५२ लाख रूपैयाँ बजेटबाट करिब २०० मिटरमात्र कच्ची सडक खन्ने काम सम्पन्न हुन्छ । यदि उक्त सडक १० किलोमिटर लामो छ भने, कच्ची सडक निर्माण गर्नमात्रै ५० वर्ष लाग्ने देखिन्छ । अझ यातायात सञ्चालनयोग्य बनाउन आवश्यक रकम र समय झन् धेरै हुने देखिन्छ । तर, यो सडकजस्तै अन्य धेरै आयोजनाहरूका लागि रातो किताबमा कूल चार अर्ब रूपैयाँ छुटाइएको छ । यही बजेटलाई आधार मानेर केही प्रभावशाली समूहहरूले ५२ लाखलाई ५२ करोड रूपैयाँमा रूपान्तरण गर्न दबाब दिन्छन् । यसमा सम्बन्धित स्थानीय प्रतिनिधि र आयोजनामा राजनीतिक आड पाएका कर्मचारीले मलजल गरिदिन्छन् । यसपछि, मन्त्रालयले कुनै तथ्य र विश्लेषणविना हुलाकी शैलीमा सिफारिस तयार पारेर अर्थ मन्त्रालयमा फाइल पठाउँछ ।

अर्थ मन्त्रालयले पनि पहुँचकै आधारमा 'प्रगतिको आधारमा भुक्तानी हुने छ' भन्ने व्यहोरा राखी स्रोत सुनिश्चितताको पत्र सम्बन्धित निकायलाई दिन्छ । तर, भविष्यमा पर्न सक्ने जोखिमको आकलन नगर्ने प्रवृत्ति देखिन्छ । अर्थ मन्त्रालयको प्राथमिकता विकास होइन, बरु विदेशी नियोगमा को पठाउने वा भ्रमणमा कसलाई समावेश गर्नेजस्ता विषयमा केन्द्रित देखिन्छ ।

यसरी ५२ करोडको ठेक्का लगाइएको सडक आयोजनामा दोस्रो वर्षमा बजेटको विनियोजन घटेर ४० लाखमा सीमित हुन्छ । अर्थ मन्त्रालय यस्तो विषयमा चासो राख्दैन, बरु अन्यत्र ध्यान केन्द्रित गरेर बेखबरजस्तो देखिन्छ । विकास कसैको प्राथमिकतामा नरहेजस्तै, निर्माण कार्य साइटमा खटिने जिम्मेवारीमाथि मात्रै निर्भर भएको देखिन्छ ।

निर्माण व्यवसायीहरू ठूलो ठेक्का भएकाले ऋण लिएर काम गर्छन् । तर, भुक्तानी समयमा नहुँदा समस्या विकराल बन्छ । परिणामस्वरूप, केही व्यवसायीले ऋण तिर्न नसकेर आत्महत्यासम्म गरेका घटनाहरू समाचारमा आउँछन् । स्रोत सुनिश्चितताको पत्र दिए पनि काम सम्पन्न भइसकेपछि बिल भुक्तानीका लागि बजेट जोहो गर्न नसक्नु अर्थ मन्त्रालयको ठूलो कमजोरी हो ।

अझ अचम्मको कुरा, यस्तो विषयमा कुनै नियामक निकायले सोधपुछसमेत गर्दैन । ती निकायहरूले अर्थ मन्त्रालयको चाकडी गर्नुपर्ने भएकाले ध्यान दिँदैनन् । विकास मन्त्रालय ठेक्का निकाल्नमै व्यस्त हुन्छ, तर भुक्तानीको बेलामा जिम्मेवारीबाट पन्छिन्छ । अर्थ मन्त्रालय 'विनियोजित बजेटबाटै भुक्तानी गर' भन्ने गैरजिम्मेवार जवाफ दिएर उम्किन्छ ।

यस प्रवृत्तिले पूर्वाधार निर्माण चौपट भएको छ । यस्तो विकृति हटाउन राष्ट्रिय योजना आयोगले बहुवर्षीय ठेक्का मापदण्ड बनाउने काम पटक-पटक गरेको छ । यस वर्ष पनि 'बहुवर्षीय ठेक्का मापदण्ड २०८१' प्रकाशित भएको छ । तर, पुराना आयोजनाको भुक्तानी सहज बनाउन कुनै ठोस योजना नभइकन नयाँ-नयाँ मापदण्ड ल्याएर जनतालाई झुक्क्याउने काममात्रै भएको छ । यसरी विकासका नाममा अव्यवस्थित योजना र गैरजिम्मेवार कार्यशैलीकै कारण विकास आयोजनाहरूले अपेक्षित प्रगति गर्न सकेका छैनन् ।

### बहुवर्षीय ठेक्काको मापदण्ड कि स्रोत सुनिश्चितताको मापदण्ड ?

सम्बन्धित मन्त्रालय र राष्ट्रिय योजना आयोगको समय बरबाद गर्दै पटक-पटक कार्यान्वयनमा आउन नसक्ने बहुवर्षीय ठेक्का मापदण्ड तयार गरेर विकासको काम अलमल्याउन लागेको प्रस्ट बुझिन्छ ।

यो मापदण्ड प्रक्रियामा अल्झिएर ठेक्कापट्टा भए पनि अर्थ मन्त्रालयले सधैं बजेट अभावको कारण देखाउँदै आएको छ । अनि यसको औचित्य के छ ? बरु, स्रोतको व्यवस्था कसरी गर्ने ? पुराना ठेक्काको भुक्तानी कसरी गर्ने ? नयाँ योजनाहरूका लागि स्रोत व्यवस्थापन कसरी गर्ने ? स्रोत सुनिश्चितताको मापदण्ड कसरी बनाउने ? जस्ता महत्त्वपूर्ण विषयहरू ओझेलमा पारेर पूर्वाधार निर्माणमा गति आउन सकेको छैन । प्रणालीको विकास गरेर भावी पिँढीलाई सहज बनाउनेतर्फ कसैको ध्यान जान सकेको छैन ।

आखिर करोडौं रूपैयाँ पर्ने पुलका लागि सुरुमा पाँच लाख रूपैयाँ बजेट विनियोजन गरेर हतारहतारमा सर्वे र डिजाइन गर्ने दबाब दिइयो, छोटो समयमा डिजाइन र लागतअनुसार ठेक्का व्यवस्थापन गरियो । आर्थिक वर्षको अन्त्यमा बचेको बजेटको मोबिलाइजेसन पेस्की दिएर पुँजीगत खर्च बढाउने प्रवृत्तिले निरन्तरता पाएको छ । असारमा पुल निर्माण सहज नहुने, पेस्की दसैं, तिहार र छठजस्ता पर्वमा खर्च गर्नुपर्ने, पुरानो तिरनतारन गर्ने र नेताहरूलाई रिझाउने कामका कारण रकम अभाव हुनु स्वाभाविक हो । त्यसैले रातो किताबमा २० लाख रूपैयाँ बजेट राखेर कामको निरन्तरता दिने बाटो खोलिएको छ । सम्झौताअनुसार पुल सम्पन्न गर्ने समय दुईदेखि तीन वर्ष राखिएको थियो भने के भयो ? दोष प्राविधिकलाई मात्र लगाइएको छ । यदि तीन करोड रूपैयाँको पुल दुईदेखि तीन वर्षमा सक्नुपर्ने हो भने हरेक वर्ष एक करोड रूपैयाँको व्यवस्था आवश्यक छ । बजेट अभावको कारण म्याद थप, मूल्य समायोजन र भेरिएसन जस्ता कारणले पुलको लागत बढ्छ, जसले गर्दा निर्धारित समयमा पुल सम्पन्न नगरी सर्वसाधारणलाई सास्ती भोगाउनुपर्ने हाम्रो नियति बनिसकेको छ ।

यस्तो अवस्थामा पनि बजेटको साँचो मुठ्ठी कसेर बसेको अर्थ मन्त्रालय बेखबर देखिन्छ । पुलको शीर्षक अन्तर्गत बजेट कति थियो, कति ठेक्का लागेका छन्, आयोजनाको चक्रअनुसार आवश्यक रकम कति हो र कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा मौन छ । अर्थ मन्त्रालय परम्परागत काममा व्यस्त रहेको छ । सडक, विद्युत्, सिँचाइ, खानेपानी, सरकारी भवनहरूका लागि बजेट कति छ भन्ने विषयमा कहिल्यै प्राथमिकता दिइँदैन । बरु मन्त्रालय आफ्ना कर्मचारीलाई विदेश भ्रमणको व्यवस्था कसरी मिलाउने, विदेशी नियोगहरूमा कसलाई पठाउने, राजनीतिक दलका भ्रातृ संगठनका इमानदार कर्मचारीलाई कहाँ पठाउने भन्ने विषयमा ध्यान दिन्छ ।

माथि उल्लेख गरिएका उदाहरणबाट स्पष्ट हुन्छ कि राष्ट्रिय योजना आयोगले पूर्वाधार आयोजनाहरूको बहुवर्षीय ठेक्का व्यवस्थापन मापदण्ड तयार गर्ने छैन । आयोगले अर्थ मन्त्रालयलाई विज्ञहरूको मद्दतले स्रोत सुनिश्चितता मापदण्ड तयार गर्न प्रेरित गर्नुपर्ने छ । आयोजना चक्रसँग मेल खाने बजेट व्यवस्थापन, नसकिने काम अघि नबढाउने, सुरु भएका आयोजनाहरूको भुक्तानी समयमै गर्ने, निजी क्षेत्रको विज्ञता र सीपको सदुपयोग गर्दै सहकार्य गर्ने जस्ता कार्यहरू तत्काल सुरु गर्नुपर्छ । त्यसपछि मात्र स्रोत सुनिश्चितता मापदण्ड व्यावहारिक रूपमा काम गर्न सक्षम हुने छ र विकासको गति जनतासम्म पुग्ने छ ।

*(नेपाल सरकारका पूर्वसहसचिव सापकोटाको लेख नेपाल आर्थिक पत्रकार समाज 'सेजन'द्वारा प्रकाशित 'अर्थनीति'बाट साभार गरिएको हो)*

# लुम्बिनीमा आजदेखि उपकुलपति अन्तर्राष्ट्रिय सम्मेलन

■ प्रभाव संवाददाता

**लुम्बिनी–** लुम्बिनी बौद्ध विश्वविद्यालयले आजदेखि लुम्बिनीमा अन्तर्राष्ट्रिय उपकुलपति सम्मेलन आयोजना गर्दै छ । विश्वविद्यालय अनुदान आयोगको सहयोग तथा ग्लोबल युनिभर्सिटी नेटवर्कको सहकार्यमा आजदेखि हुने दुईदिने उपकुलपति सम्मेलन लुम्बिनीस्थित बौद्ध विश्वविद्यालयमा हुने छ ।

सम्मेलनमा बौद्ध धर्म तथा दर्शन, प्राज्ञिक मूल्यमान्यता, विद्यमान अवस्थामा उच्च शिक्षाको चुनौती र अवसरलगायत समसामयिक विषयमा छलफल तथा विचारविर्मश हुने बौद्ध विश्वविद्यालयले जनाएको छ। सोही अवसरमा १८औं 'न्युज सम्मेलन' समेत आयोजना हुने बताइएको छ। लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति प्रा.डा. सुवर्णलाल बज्राचार्यले सम्मेलनका अवसरमा उच्च शिक्षामा बौद्ध दर्शन, प्राज्ञिक नेतृत्वमा बौद्ध दर्शन र नैतिकता, चौथो औद्योगिक क्रान्तिमा उच्च शिक्षाको अन्तर्राष्ट्रियकरण, नेपालमा उच्च शिक्षाका चुनौती र अवसरलगायत विषयमा छलफल तथा बहस केन्द्रित हुने जानकारी दिए ।

सम्मेलनमा मानव संसाधन व्यवस्थापनमा बौद्ध दर्शनको उपयोग, श्रमबजारमा कृत्रिम बौद्धिकता (एआई)को प्रयोग, उच्च शिक्षाका लागि क्षेत्रीय सहयोग र सञ्जाल निर्माण तथा मानव संसाधन व्यवस्थापनमा संस्थागत भूमिलगायत विषयमा २४ वटा कार्यपत्र प्रस्तुत हुने बताइएको छ । यसैगरी, नेपालबाहेक ११ देशका अध्येताहरूले समेत सम्मेलनमा कार्यपत्र प्रस्तुत गर्ने सो विश्वविद्यालयले जनाएको छ ।

उपकुलपति सम्मेलनमा नेपालसहित भारत तथा जापानस्थित विभिन्न विश्वविद्यालयका उपकुलपतिहरूको सहभागिता रहने छ । यसैगरी, नेपालस्थित विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष, मध्यपश्चिम विश्वविद्यालय, पोखरा विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, राजर्षिजनक विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, नेपाल विश्वविद्यालय, विदुषी योगमाया हिमालय आयुर्वेद विश्वविद्यालयका उपकुलपतिको सहभागिता रहने छ।

त्यस्तै, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपतिको पनि सम्मेलनमा सहभागिता हुने बताएको छ । लुम्बिनी प्राविधिक विश्वविद्यालय, गण्डकी विश्वविद्यालय, मधेस विश्वविद्यालयका उपकुलपति तथा नेपाल संस्कृत विश्वविद्यालय र काठमाडौं विश्वविद्यालयका रजिस्ट्रारसमेत सो अवसरमा सहभागी हुने आयोजकले जनाएको छ ।

उपकुलपति सम्मेलनमा बौद्ध शिक्षाको विश्वव्यापीकरण तथा उच्च शिक्षाका चुनौती र अवसरका विषयमा हुने छलफलबाट प्राप्त निष्कर्षलाई लुम्बिनी घोषणापत्रका रूपमा सार्वजनिक गरिने लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिस्ट्रार डा. तिलकराम आचार्यले बताए ।

उपकुलपति सम्मेलनमा एकै चरणमा तीन सत्रमा छलफल हुने कार्यक्रम छ । 'चौथो औद्योगिक क्रान्तिका लागि उच्च शिक्षा: वैश्विक गतिशीलता, बौद्ध ज्ञान र शैक्षिक सहकार्य,' 'नेपालमा उच्च शिक्षाका चुनौती र अवसर: वैश्विक गतिशीलता, बौद्ध ज्ञान र शैक्षिक उत्कृष्टताको समावेश' र 'नेपालमा वैकल्पिक चिकित्सा प्रवर्द्धन: दिगो विकास लक्ष्यसँगको सहकार्य' विषयक कार्यपत्र प्रस्तुत भई विचार-विमर्श हुने विश्वविद्यालयले जनाएको छ ।

उपकुलपति सम्मेलनमा बिहान ९:०० देखि साँझ ५:०० बजेसम्म विषयगत सत्रहरू सञ्चालन हुने अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्रका संयोजक राजेन्द्र घिमिरेले जानकारी दिए। उद्घाटन सत्रमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीसहित संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका प्रतिनिधि, व्यावसायिक संघ/संस्थाका प्रतिनिधि, शैक्षिक संस्थाका प्रमुख, अध्येता तथा अनुसन्धानकर्ताहरूको सहभागिता रहने जनाइएको छ ।

# सकियो एसइई, असार ७ गतेभित्र परीक्षाफल

**भक्तपुर (प्रस)–** माध्यमिक शिक्षा परीक्षा (एसइई) मंगलबारबाट सकिएको छ । राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय सानोठिमीका अनुसार देशभरका दुई हजार ७९ परीक्षा केन्द्रमा यही चैत ७ गतेबाट सुरु भएको परीक्षा मंगलबार सकिएको हो ।

परीक्षा नियन्त्रण कार्यालय, कक्षा १० का परीक्षा नियन्त्रक नन्दलाल पौडेलले भने, 'यस वर्षको परीक्षा शान्तिपूर्ण र मर्यादित रह्यो, अमर्यादित काममा संलग्न भएका केही निरीक्षक निष्कासितसमेत भए ।'

यस वर्षको परीक्षामा पाँच लाख १४ हजार ७१ जना परीक्षार्थी सहभागी भएका थिए। जसमा सबैभन्दा काठमाडौंमा ३९ हजार ६०० र सबैभन्दा कम मनाङमा ४३ जना थिए। जापानको एक परीक्षा केन्द्रमा २९ जनाले एसइई दिए। साथै काठमाडौंको केन्द्रीय कारागार र दैलेखका दुई कारागार तथा भक्तपुरको बालसुधार गृहबाट पनि विद्यार्थी सहभागी भएका थिए ।

बोर्डले यस वर्ष परीक्षाफल आगामी असार ७ गतेभित्र सार्वजनिक गर्ने जनाएको छ । परीक्षामा न्यूनतम ३५ अंकभन्दा कम ल्याउने परीक्षार्थी अनुत्तीर्ण हुने छन् । परीक्षाको नतिजामा उत्तीर्णदरमा ७० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ । गत वर्षको एसइईमा ४८ प्रतिशतमात्रै विद्यार्थी उत्तीर्ण भएका थिए ।

**Government of Sudurpashchim Province**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

## Infrastructure Development Office

**Kailali**

## Invitation for Bid

***Date of Publication: 2081/12/20 (2nd April, 2025)***

1. Infrastructure Development Office, Kailali invites Electronic NCB Bids for the Projects given in the table below.

| S. No. | Contract Identification No | Description of Work | Estimated Amount (NRS.) [Inclusive VAT & PS] | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | IDOKAILALI/ W/NCB/ 81/82-93 | Upgrading of Different 3 Roads Of Dhangadhi Sub-Metropolitancity Dhangadhi 2, 15 and Godawori-9 Kailali | 19255356.5 | 490000.00 | 120 days | 3000.00 |
| 2 | IDOKAILALI/ W/NCB/ 81/82-94 | Upgrading Of Different 2 (Two) Roads in Dhnagadhi Sub-Metropolitioncity 3, Municipality. | 19290316.42 | 490000.00 | 120 days | 3000.00 |
| 3 | IDOKAILALI/ W/NCB/ 81/82-95 | Upgrading Of Saurai Hotel To Birendrachok Road Dhnagadhi Sub-Metropolitioncity 3,. Kailali | 14469253.13 | 370000.00 | 120 days | 3000.00 |
| 4 | IDOKAILALI/ W/NCB/ 81/82-96 | Upgrading Of Chaukidada Kolmuda Halaude Bayala Phaltude Sadak | 19232054.9 | 490000.00 | 120 days | 3000.00 |
| 5 | IDOKAILALI/ W/NCB/ 81/82-97 | Upgrading Of Lalmati Dobata Garbadarwar Khairala Sadak Gauriganga-Chure Kailali | 9654315.195 | 245000.00 | 120 days | 3000.00 |
| 6 | IDOKAILALI/ W/NCB/ 81/82-98 | Construction and Upgrading of Pipalchautara dekhi Yatayat karyalaya samma bato nirman , Dhangadhi Submetropolitancity-05, Kailali | 19331789.36 | 490000.00 | 120 days | 3000.00 |
| 7 | IDOKAILALI/ W/NCB/ 81/82-99 | Construction and Upgrading Of two different Nos of Road of Janaki Rural Municipality ward no 8 and 9, Kailali | 14510219.69 | 370000.00 | 120 days | 3000.00 |
| 8 | IDOKAILALI/ W/NCB/ 81/82-100 | Construction and Upgrading of Naya Bihani Punahsthapana kendra dekhi Airport samma ra Block no C ko bhitri sadak kalopatre r pakki dhal nikas nirman, Tikapur nagarpalika -1 kailali | 9654157.71 | 250000.00 | 120 days | 3000.00 |
| 9 | IDOKAILALI/ W/NCB/ 81/82-101 | Construction and Upgrading of Theki dekhi Bhajani Jodne Bato Kalopatre, Bhajani -4, kailali | 9663871.21 | 250000.00 | 120 days | 3000.00 |
| 10 | IDOKAILALI/ W/NCB/ 81/82-102 | Construction and Upgrading of Different 2 Roads of Gauriganga Municipality and Kailari Rural Municipality , Kailali | 14471432.28 | 365000.00 | 120 days | 3000.00 |
| 11 | IDOKAILALI/ W/NCB/ 81/82-103 | Construction and Upgrading of Bhagat Chowk to Jugeda, Dhangadhi Sub-metropolitan City-08 and 12,Kailali | 14498997.4 | 365000.00 | 120 days | 3000.00 |
| 12 | IDOKAILALI/ W/NCB/ 81/82-104 | Construction And Upgrading Of Three Different Road In Dhangadhi Ward No 11,12 And 13 | 2887734.935 | 75000.00 | 120 days | 3000.00 |
| 13 | IDOKAILALI/ W/NCB/ 81/82-105 | Construction and Upgrading of Lamkichuha-01,Thapalipur Khalyan-Dipendra Mavi Blacktop Road, Lamkichuha Municipality, Kailali | 9661182.27 | 2,40,000.00 | 120 days | 3000.00 |
| 14 | IDOKAILALI/ W/NCB/ 81/82-106 | Construction and Upgrading of Ringroad -Shanti Tole -Palabbazar-Balchaur Blacktop Road, Lamkichuha Municipality-03,Kailali | 7246783.23 | 1,80,000.00 | 120 days | 3000.00 |
| 15 | IDOKAILALI/ W/NCB/ 81/82-107 | Construction and Upgrading of Rajipur-Thapapur-Khadka Tile Udhyog -Khagrauli School Blacktop Road, Lamkichuha-Janaki Rural Municipality,Kailali | 7247528.73 | 1,80,000.00 | 120 days | 3000.00 |
| 16 | IDOKAILALI/ W/NCB/ 81/82-108 | Construction and Upgrading of Different 4 Roads Dhangadhi Submetropolitancity, Ward no 02,03 and 05 Kailali | 8422002.8 | 2,12,000.00 | 120 days | 3000.00 |
| 17 | IDOKAILALI/ W/NCB/ 81/82-109 | Construction and Upgrading of Different 5 Roads Dhangadhi Submetropolitancity, Ward no 02 and 03 Kailali | 3362760.11 | 85000.00 | 120 days | 3000.00 |
| 18 | IDOKAILALI/ W/NCB/ 81/82-110 | Construction & Upgrading of Different 4 Roads of Gauriganga Municipality, Ward ard No 04,05,07 & 10, Kailali | 7038172.4 | 180000.00 | 120 days | 3000.00 |
| 19 | IDOKAILALI/ W/NCB/ 81/82-111 | Construction and Upgrading of Different 2 Roads Godawori Municipality, Ward no 03 and 04 Kailali | 5309553.37 | 135000.00 | 120 days | 3000.00 |
| 20 | IDOKAILALI/ W/NCB/ 81/82-112 | Construction and Upgrading of Different 3 Roads Dhangadhi Submetropolitancity, Ward no 08, 09 and 16, Kailali | 6761380.33 | 175000.00 | 120 days | 3000.00 |
| 21 | IDOKAILALI/ W/NCB/ 81/82-113 | Construction and Upgrading of Different 4 Roads of Dhangadhi Sub - Metropolitan City ward no -04 and 05,Kailali | 2869772.99 | 75000.00 | 120 days | 3000.00 |
| 22 | IDOKAILALI/ W/NCB/ 81/82-114 | Construction and Upgrading of Different 4 Roads of Dhangadhi Sub - Metropolitan City ward no -05,06,07 and 10, Kailali | 2873086.14 | 75000.00 | 120 days | 3000.00 |
| 23 | IDOKAILALI/ W/NCB/ 81/82-115 | Construction and Upgrading of Different 2 Roads of Ghodaghodi-03 and Godawori,-01 Kailali | 48,25,258.5668 | 125000.00 | 120 days | 3000.00 |
| 24 | IDOKAILALI/ W/NCB/ 81/82-56 | Upgrading of Different 2 Roads of Tikapur Municipality ward no -01 and 05,Kailali | 2894403.69 | 73000.00 | 120 days | 3000.00 |
| 25 | IDOKAILALI/ W/NCB/ 81/82-60 | Upgrading of Different 2 Roads of Tikapur Municipality ward no -01,Kailali | 3357864.03 | 84000.00 | 120 days | 3000.00 |

2. Eligible Bidders may obtain further information from *PPMO's website* **www.bolpatra.gov.np/egp**.

**Office Chief**
**IDO, Kailali**

**CIVIL AVIATION AUTHORITY OF NEPAL**
**Gautam Buddha International Airport**
**Civil Aviation Office**
**Siddharthanagar 04, Rupandehi**

## Re-Invitation for Bid

**PPMO publish date:2081/12/19**

**Date of publication: 2081/12/20**

**Phone No: 977-71-597030Email:gbairportoffice@gmail.com**

1. The Gautam Buddha International Airport Civil Aviation Office, Sidhharthanagar, Rupandehi Re-invites electronic bids from eligible bidders for the procurement of following:
   **I. Supply , Delivery and Testing of Spare parts of DVOR and DME at GBIA,NCB-13/GBIA/081-82 (Re-invitation)**
2. Eligible bidders may obtain further Information and inspect the bidding documents at http://www.bolpatra.gov.np/egp.
3. Any additional matters not covered by this shall be in accordance with the prevailing Procurement Act, 2063 and Procurement Regulation, 2064.


**युएईमा रोजगारको अवसर** कम्पनी : AL YUSR INDUSTRIAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१२/१९ | LT. No. 321458 | चलानी नं. ६०२३५५६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 3 | 0 | 1400 | ५१,१७२ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker | 17 | 0 | 1000 | ३६,५५१ | | | | | | | |
| 3 | HEAVY TRUCK DRIVER | 12 | 0 | 1800 | ६५,७९२ | | | | | | | |
| 4 | Loading & Unloading Workers | 15 | 0 | 1000 | ३६,५५१ | | | | | | | |
| 5 | Pickup Truck Driver | 6 | 0 | 1800 | ६५,७९२ | | | | | | | |
| 6 | WORKSHOP WORKER | 20 | 0 | 1000 | ३६,५५१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २७ गते (9th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५



**कुवेतमा रोजगार** कम्पनी : UNITED UNIVERSEGENERAL TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०२/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१९ | LT. No. 305967 | चलानी नं. ६०२२०६९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/worker/labour | 20 | 20 | 120 | ५३,१९५ | श्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Helper/gym Helper/assistant/supporter | 20 | 20 | 130 | ५७,६३० | | | | | | | |
| 3 | Light Driver | 14 | 0 | 135 | ५९,८४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २७ गते (9th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



**मलेसियामा रोजगारको अवसर** कम्पनी : ACTIVE NETWORK SECURITY SERVICES SDN BHD
शहर : JALAN

पूर्व स्वीकृति मिति : २०८१/१२/१९ | LT. No. 321426 | चलानी नं. ६०२३५५३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 43 | 0 | 1700 | ५२,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २७ र २८ गते (9 & 10 April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**A.K. OVERSEAS (PVT.) LTD.**
श्रम ईजाजत नं.४९४/०६१/०६२
Nishal Marg, Lazimpat, Kathmandu, Nepal, Tel: 014000027, 9851085705, 9841711205, 9851086618
Email: akoverseas494@gmail.com

# प्रभाव दैनिक

रूपशाला


## कीर्तिपुरबाट 'अभिमन्यु'को छायांकन सुरू

चलचित्र 'अभिमन्यु'को छायांकन सुरू भएको छ । निर्माणपक्षले मंगलबार कीर्तिपुरमा चलचित्रको शुभमुहूर्त गर्दै छायांकन सुरू गरेको हो । चलचित्रमा गौमाया गुरूङ, सरिता गिरी, लक्ष्मी बर्देबा, शिशिर वाङ्देल, किरण श्रेष्ठलगायत कलाकार मुख्य भूमिका रहनेछन् । फिल्म विनोद पौडेलले निर्माण गर्न लागेका हुन् । हिट फिल्म 'पूर्ण बहादुरको सारङ्गी'को समेत निर्माता रहेका पौडेलले 'अभिमन्यु' आगामी भदौ २७ गते रिलिज गर्ने योजना रहेको बताए । सेभेन सिज सिनेमाको प्रस्तुति रहने फिल्मको सुशान्त गौतमले निर्देशन गर्दैछन् ।





# 'कलाकारको उमेर होइन, अभिनय हेरिन्छ'

■ प्रभाव संवाददाता




**काठमाडौं–** अभिनेता राजेश हमालले कलाकारलाई उमेरले असर नगर्ने भएकाले उसले निर्वाह गर्ने पात्र र भूमिकाको विषयमा चर्चा हुनुपर्ने बताएका छन् । 'नरसिंहा अवतार' चलचित्रको पोस्टर सार्वजनिक तथा प्रदर्शन मिति घोषणा कार्यक्रममा अभिनेता हमालले कलाकार पात्रमा उपयुक्त भएसम्म उमेरले असर नगर्ने बताए ।

उनले भने, 'मेरो उमेर कति पुग्यो वा मसँग अभिनय गर्ने, जोडी बन्ने कलाकारसँग कति उमेर अन्तर छ भन्ने विषयमा चर्चा गर्नुभन्दा हामी त्यो पात्रमा कस्तो देखिएका छौं, भन्ने विषयको चर्चा हुनु पर्छ । किनकि पर्दामा कलाकारको उमेर नभई अभिनय हेरिन्छ र हामी कहाँ एउटा कलाकारले यति उमेरसम्म मात्र अभिनय गर्न पाउने भन्ने पनि छैन । यहाँ केही कलाकारले लामो समयसम्म आफूलाई अभिनयमा सक्रिय बनाएका छन्, म त्यही मध्येको एक हुँ ।'

उनले चलचित्रको विषय र आफ्नो पात्र सुहाउँदो भूमिका रहेकाले आठ वर्षपछि चलचित्रमा अभिनय गरेको स्पष्ट गरे । नयाँ कलाकारले आफ्नो पात्रप्रति देखाएको गम्भीरताको पनि अभिनेता हमालले तारिफ गरे । अभिनेता हमालको जोडी बनेर चलचित्रमा प्रस्तुत भएकी अभिनेत्री नीति शाहले आफ्नो अभिनय यात्राले नयाँ उचाइ पाउने विश्वास व्यक्त गरे । 'यो चलचित्रमा मैले अनुभवी कलाकारसँग काम गर्न पाएको छु, उहाँको अनुभवले मलाई धेरै कुरा सिकाएको छ । अभिनेता हमालसँग काम गर्न पाउँदा म निकै खुसी छु, हामी आफ्नो पात्रअनुसार चलचित्रमा फिट देखिएका छौं,' अभिनेत्री शाहले भने । दिवाकर भट्टराईले निर्देशन गर्नुभएको 'नरसिंहा अवतार' चलचित्र आउँदो वर्ष २०८२ जेठ ९ मा प्रदर्शन हुनेछ । यस चलचित्रमा अभिनेता हमाल र अभिनेत्री शाहसँगै सरोज खनाल, नीर शाह, राज कटुवाल, सनिषा भट्टराई, उषा खड्गी, अर्जुन श्रेष्ठ, प्रशान्त ताम्राकार लगायतका कलाकारले अभिनय गरेका छन् ।

# 'पिताम्बर'को ट्रेलर सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** नयाँवर्ष २०८२ को छेको पारेर आगामी चैत २९ गतेबाट रिलिज हुने फिल्म 'पिताम्बर'को एक्सनपूर्ण ट्रेलर सार्वजनिक भएको छ । राजधानीमा मंगलबार एक कार्यक्रम गर्दै निर्माण टिमले ट्रेलर सार्वजनिक गरेको हो ।

अभिनेत्री सुरक्षा पन्त र एक बच्चा गहुँबारीमा रमाईरहेको दृश्यबाट सुरु ट्रेलरमा एक्सनका दृश्यले स्थान पाएका छन् । बदलाको भाव देखाउने ट्रेलरमा अधिकांश दृश्य एक्सनका छन् । ट्रेलरमा फिल्मका प्राय: सबै कलाकारलाई स्थान दिइएको छ । ट्रेलर बुढासुब्बा डिजिटलबाट सार्वजनिक गरिएको हो ।

ट्रेलर रिलिज पछि फिल्मकी निर्देशक कृषा चौलागाईले ट्रेलर रिलिज गरेसँगै दर्शकसँग आत्मसर्मपण गरेको बताइन् । 'ट्रेलर आएसँगै हामीले दर्शकसँग आत्मसमर्पण गरिसक्यौं । टिजर, गीत, पोस्टरजस्तै ट्रेलरलाई पनि मनपराइदिनुहुनेछ भन्नेमा ढुक्क छौं', उनले भनिन् ।

फिल्मका निर्माता विशाल चौलागाईले आफूले नेपाली फिल्म क्षेत्रलाई एउटा राम्रो फिल्म दिएको बताए । उनले फिल्मकर्मी मिलेर जान सकेमा फिल्म उद्योगको भलाई हुने बताए ।

केपी फिल्मस् र पुरुषोत्तम प्रधान फिल्मसको व्यानरमा निर्माण भएको फिल्ममा प्रदीप खड्का, दयाहाङ राई, सौगात मल्ल, आर्यन सिग्देल, अनुपविक्रम शाही, सुरक्षा पन्त, गौरी मल्ल, रविन्द्र झा, प्रमोद अग्रहरि, आर्यन सिग्देल, कामेश्वर चौरासिया, टिका पहाडी, सुलभ पहाडी, सुरवीर पण्डित, विशाल पहाडी, दिव्यदेव पन्त, सुपुष्पा भट्ट, दिव्या रायमाझी, गौरव विष्ट, आशिष पुरुष, ललित विष्ट, किशोर भट्ट, विनोदकुमार पौडेल, नारायण काफ्ले र रविन्द्र भट्टराईको अभिनय छ ।

फिल्ममा बाल कलाकारका रूपमा आर्नव घिमिरे, प्रयुस दत्त सुवेदी, आध्य लामिछाने, आरोह चौलागाई र सुप्रोल बुढाथोकी (अनमोल)ले समेत अभिनय गरेका छन् ।

विशाल चौलागाई निर्माता रहेको फिल्ममा पुरुषोत्तम प्रधान, आध्य लामिछाने र आरोह चौलागाई सह-निर्माता, सुमन गौतम कार्यकारी निर्माता, प्रदीप भारद्वाज र अभिमन्यु निरवीको पटकथा र संवाद, पुरुषोत्तम प्रधानको डीओपी, शेरबहादुर लामा र मानकृष्ण महर्जनको छायांकन, बन्दे प्रसादको सम्पादन र ट्रेलर, आशीष अविरल र बाबुल गिरीको संगीत, हिमाल केसीको द्वन्द्व छ । फिल्म आरआर फिल्मस्ले वितरण गर्दैछ ।

## रंगशाला

**एनएसएल फुटबल**

### धनगढीद्वारा बुटवल पराजित

**काठमाडौं (प्रस)–** लेबनानी फरवार्ड अहमद हिजाजीको दुई गोलसँगै साबिक विजेता धनगढी एफसीले नेपाल सुपर लिग (एनएसएल) मा विजयी सुरुआत गरेको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा मंगलबार धनगढीले बुटवल लुम्बिनी एफसीलाई ४-१ ले पराजित गरेको हो । योसँगै धनगढीले पहिलो खेलमै तीन अंक जोडेको छ ।

बुटवलको भने यो पहिलो हार हो । बुटवलले यसअघि झापा एफसीसँग गोलरहित बराबरी खेलेको थियो । धनगढीको जितमा हिजाजीबाहेक कृतिशरत्न छुन्जु र सर्जियो बार्बोजुले एक गोल थपे । बुटवलका केन्टा हाराले एक गोल फर्काए पनि सान्त्वना रह्यो । जारी प्रतियोगितामा धेरै गोल भएको यो नै पहिलो खेल हो ।

### कुकिवन कप तेक्वान्दो प्रतियोगिता

**काठमाडौं (प्रस)–** नेपालमा पहिलोपल्ट कुकिवन कप तेक्वान्दो प्रतियोगिता आयोजना हुने भएको छ । नेपाल तेक्वान्दो संघ र विश्व तेक्वान्दो मुख्यालय कुकिवनको संयुक्त आयोजनामा प्रतियोगिता सातदोबाटोस्थित तेक्वान्दो एकेडेमी हलमा वैशाख ४ देखि ६ गतेसम्म हुन लागेको हो ।

प्रतियोगितामा ब्रेकिङ विधामा साइड किक, फिस्ट, नाइफ, हाइजम्प र अलराउन्डगरी पाँच विधा गरी २८ स्वर्ण पदका लागि प्रतिस्पर्धा हुनेछ । यो विधामा यु-१२, यु-१३ देखि १५ र यु-१६ देखि १८ का उमेर समूहले सहभागिता जनाउने छन् । सिनियरतर्फ १९-२९ र ३०-५९ गरी पाँच उमेर समूहमा प्रतिस्पर्धा हुने आयोजकले जानकारी दिएको छ ।

त्यसैगरी कुकिवन मान्यता प्राप्त अथोराइज पुम्सेतर्फ पाँच उमेर समूहका एकल, पियर र ग्रुप पुम्से गरी तीन समूहमा ३० स्वर्णका लागि प्रतिस्पर्धा हुनेछ । यसबाहेक प्रतियोगिताका विधाहरूमध्य तेक्वान्दो एरोबिक्स तथा टिम ग्यरोगी वा टिम फाइट सामूहिकरूपमा आयोजना हुने जनाइएको छ ।

तेक्वान्दो एरोबिक्समा महिला र पुरुष गरी पाँचदेखि सात जनासम्मको टिम बनाई जुनियर तथा सिनियर उमेर समूहमा प्रतिस्पर्धा हुनेछ । टिम ग्यरोगी वा टिम फाइटमा महिला र पुरुषका छुट्टाछुट्टै समूहमा यु-१२, यु-१८ र यु-१९ गरी तीन उमेर समूहमा ६ स्वर्णका लागि प्रतिस्पर्धा हुनेछ ।


**साउदीमा रोजगार** कम्पनी : Laundry Tavasil Car for Cars

पूर्व स्वीकृति मिति : २०८१/११/०९ | LT. No. 319262 | चलानी नं. ६०२३५३२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | vehicle washing helpers | 2 | 0 | 1000 | ३६,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २७ गते (9th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | १०,००० | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Overseas Employment (P.) Ltd.**
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम इजाजत नं. १२०८/०७३/०७४

**युएइमा रोजगार** कम्पनी : SKY LIWA TECHNICAL SERVICES CO. L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१२/१९ | LT. No. 321332 | चलानी नं. ६०२३५५२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 5 | 0 | 1400 | ५२,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 30 | 0 | 1400 | ५२,०९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २७ गते (9th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, 9801041129
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com
श्रम इजाजत नं. ४४८/०६०/०६१

**युएइमा रोजगार** कम्पनी : Elif Khan Electromechanical Equipment Installation And Maintrnance Co. L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१२/१९ | LT. No. 321385 | चलानी नं. ६०२३५५५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminium Fabricator | 5 | 0 | 1200 | ४४,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 4 | 0 | 1200 | ४४,६५० | | | | | | | |
| 3 | Plasterer | 2 | 0 | 1200 | ४४,६५० | | | | | | | |
| 4 | Plumber | 5 | 0 | 1200 | ४४,६५० | | | | | | | |
| 5 | Steel Fixer | 3 | 0 | 1200 | ४४,६५० | | | | | | | |

कम्पनी : zurain yasin technical services est

पूर्व स्वीकृति मिति : २०८१/१२/०९ | LT. No. 320702 | चलानी नं. ६०२३५५६१

